राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २५, अङ्क– १, साउन १० गते शुक्रबार, २०७६ (26 July, 2019) www.janajibro.com मूल्य रू. १०/–

## नेकपाको सचिवालय : ६ टोपीवाल, ३ मुडुले !

**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को 'सर्वशक्तिमान' कार्यकारी निकाय हो- केन्द्रीय सचिवालय । ९ जना शीर्ष नेताहरू सम्मिलित सचिवालयमा २ जना अध्यक्ष, २ जना वरिष्ठ नेता, २ जना पूर्वउपाध्यक्ष २ जना पूर्वमहासचिव र १ जना महासचिव रहेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वप्रधानमन्त्री पुष्पकमल दाहा 'प्रचण्ड' अध्यक्ष हुन् भने माधवकुमार नेपाल र झलनाथ खनाल वरिष्ठ नेता हुन् ।

त्यसैगरी, वामदेव गौतम र नारायणकाजी श्रेष्ठ पूर्वउपाध्यक्ष हुन् भने रक्षामन्त्री ईश्वर पोखरेल र गृहमन्त्री रामबहादुर थापा 'बादल' पूर्वमहासचिव हुन् । विष्णुप्रसाद पौडेल महासचिव रहेका छन् भने एक पूर्वउपाध्यक्ष नारायणकाजी —— क्रमशः अन्तिम पृष्ठमा

## 'योजनाबद्ध प्रतिरोध गर्ने' विप्लवको चेतावनी

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवं उपत्यका ब्युरो इन्चार्ज तथा प्रशिद्ध जनसंस्कृतिकर्मा माइला लामालाई शनिबार मध्यराति सरकारले पक्राउ गरेपछि सो पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले कडा प्रतिक्रिया जनाएका छन् ।

सोमबारको मितिमा प्रेषित तर न्युजकोसेलीलाई मंगलबार मात्रै प्राप्त विज्ञप्तिमा महासचिव विप्लवले लेखेका छन्- 'सांगनठनिक कामको सिलसिलामा भक्तपुरको एक घरमा सुतिरहेको अवस्थामा हतियारधारी सुरक्षा फौजले संकटकाललाई बिर्साउने गरी गिरफ्तार गरेको छ । केपी सरकारको यस्तो रवैयाको हाम्रो पार्टी घोर भर्त्सना गर्नुका साथै तुरुन्त ससम्मान रिहा गर्न जोडदार माग गर्दछौं ।'

'सबै देशभक्त, सच्चा लोकतन्त्रवादी, जनपक्षीय शक्तिहरू सचेत हुँदै नयाँ प्रतिरोधमा उत्रिन —— क्रमशः अन्तिम पृष्ठमा

# बालुवाटारमा दिनहुँ छलफल : सचिवालय बैठक स्थगित

## श्रेष्ठ र पोखरेलको तानातान, कसले पाउला स्कुल विभाग ?

■ **जनजिब्रो संवाददाता**——

**काठमाडौं ।** बिहीबार बस्ने भनिएको सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को सचिवालय बैठक होमवर्क नपुगेको भन्दै स्थगित भएको छ। पार्टी एकताको अन्तिम निर्णयका लागि बोलाइएको बैठक यस पटक पनि स्थगित भएको हो ।

नेकपाभित्र वैचारिक नेतृत्व गर्ने विभागको जिम्मेवारी कसले लिने भन्ने विवाद झनै उग्र भएको छ। उक्त विभागमा पूर्वएमाले पक्षका ईश्वर पोखरेल र पूर्वमाओवादी पक्षका नारायणकाजी श्रेष्ठको दाबी परेकाले आन्तरिक टकराव तीव्र भएको हो । पोखरेल र श्रेष्ठ दुवै नेकपाका शीर्ष नेताहरू सम्मिलित नौ सदस्यीय सचिवालयका नेता हुन् । यो




विवाद टुंगोमा पुग्न नसक्दा आइतबार बसेको सचिवालय बैठकले जिल्लाका इन्चार्ज र सहइन्चार्जहरूको मात्र नामावली सार्वजनिक गर्‍यो ।

विभागहरूबारे छलफल गर्न मंगलबार फेरि बैठक बोलाइएको छ। सचिवालयमा रहेका अध्यक्षद्वय र महासचिव बाहेकका नेताले पार्टीभित्र महत्त्वपूर्ण मानिने विभागहरू लिने सैद्धान्तिक समझदारी छ। त्यसअनुसार वरिष्ठ नेताद्वय माधव नेपालले विदेश र झलनाथ खनालले नीति तथा अनुसन्धान विभाग लिने सहमति भएको छ।

त्यस्तै, वामदेव गौतमले संगठन विभाग सम्हाल्नेछन्। पोखरेलल —— क्रमशः अन्तिम पृष्ठमा

# संस्कारयुक्त एकतामा जोड

## नेकपानिकट अनेरास्ववियुको एकता : पहिलो गाँसमै ढुंगा

**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को एकता प्रक्रियाले अझै पूर्णता पाइसकेको छैन। पार्टी एकताको वर्ष दिन बितिसक्दा पनि विद्यार्थी एकता विलम्ब हुनु आफैंमा कमजोरी साबित भएको नेताहरूले नै बताउन थालेका छन् ।

नेकपाको विद्यार्थी संगठन अनेरास्ववियुभित्रको विवाद केही दिनदेखि छरपस्ट भएको छ। उता एकता प्रक्रिया टुंग्याइसकेको संगठनहरूमा समेत विवाद सुरु हुन थालेको स्रोतले बताउँछ। जनवर्गीय एकता टुंगोमा पुग्नेबित्तिकै विद्यार्थी संगठनमा नेतृत्व विवादले चरम रूप पुगेको हो ।

एकता हुने बेलादेखि नै असहज जस्तो देखिएको अनेरास्ववियुमा तत्कालिन नेकपा एमाले खेमाको



अनेरास्ववियु र माओवादी केन्द्र खेमाको अखिल क्रान्तिकारीका नेतृत्व समालिरहेका ऐन महर र रञ्जित तामाङले जिम्मेवारीका लागि पहल गरेका थिए ।

प्रधानमन्त्री केपी शर्मा ओली निकट मानिने महर एकतापछि बलियो बनेको संगठनको —— क्रमशः अन्तिम पृष्ठमा

## 'र' टोलीको नेपालमा व्यस्त 'कार्यक्रम'

**काठमाडौं ।** नेपाल भ्रमणमा रहेको भारतीय गुप्तचर संस्था रिर्सच एन्ड एनालाइसिस विङ 'र' को टोली सोमबार 'उच्चस्तरीय राजनीतिक भेटवार्ता' मा 'व्यस्त' रह्यो ।

'र' को टोलीले सत्तारुढ र प्रतिपक्षी दलका केही नेतासहित संसदका विभिन्न समितिका पदाधिकारीसँग सामूहिक र छुटाछुट्टै भेटवार्ता गर्‍यो ।



प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग आइतबार राति भेटवार्ता —— क्रमशः अन्तिम पृष्ठमा

## पूरा होला त दिगो विकासको लक्ष्य ?

**समय-सन्देश**
**डीपी ढकाल**

विसं २०७६ असार ६ मा सरकारको तर्फबाट राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य २०१६-२०३० को लागि लागत अनुमान सार्वजनिक गरेको थियो । जसमा दिगो विकास लक्ष्यका उद्देश्यहरू पूरा गर्न वर्षको औसत वार्षिक २० खर्ब २५ अर्ब रूपैयाँ लगानी आवश्यक पर्ने राष्ट्रिय योजना आयोगको आकंलन छ । दिगो विकास सन् २०१६ देखि कार्यान्वयनमा आएको हो र यो सन् २०३० मा सकिनेछ । सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय महासभाद्वारा पारित दिगो विकासको लक्ष्य सबै सदस्य मुलुकले भेट्टाउनुपर्ने हुन्छ ।

यो अवधिमा मध्यम आय भएका विकासशील राष्ट्रमा स्तरोन्नति भइसक्ने नेपालको लक्ष्य छ । दिगो विकास लक्ष्यको मूख्य विशेषता 'कसैलाई पछाडि नछाड्ने प्रतिवद्धता' हो । लक्ष्य यसका कूल १७ लक्ष्य छन। जसमा गरिबी अन्त्य गर्ने, शुन्य भोकमरी स्थीति बनाउने, स्वास्थ्य र समुन्नत समाज निमार्ण गर्ने, गुणस्तरीय शिक्षा प्रदान गर्नेछ ।

यसको अलावा लैंगिक समानता, स्वच्छ पानी तथा सरसफाइ, स्वच्छ ऊर्जामा सहज पहुँच, मर्यादित रोजगार तथा आर्थिक वृद्धि, उद्योग, पूर्वाधार र नविन सिर्जना, असमानता न्यूनिकरण लगायतका लक्ष्य राखिएको छ । त्यस्तै दिगो शहर र समुदाय, जिम्मेवारीपूर्ण उपयोग र उत्पादन, जलवायु परिवर्तनमा तत्काल पहल, जलमुनीको जैविक विविधता संरक्षण, जमिनमाथिको जैविक विविधता संरक्षण, शान्ती, न्याय र सशक्त संस्था, लक्ष्य प्राप्तीका लागि साझेदारीका विषय पनि दिगो विकासको उपलब्धीमा राखिएको छ। सरकारले औसत वार्षिक ८ खर्ब ९१ अर्ब रूपैयाँ जोहो गर्न सक्ने आँकलन छ ।

दिगो विकास लक्ष्यको अन्तिम चारवर्षमा सरकारले औसत वार्षिक १५ खर्ब ४ अर्ब रूपैयाँ लगानी गर्नुपर्छ। त्यसबेला सरकारसँग वार्षिक १३ खर्बको स्रोत उपलब्ध हुने अनुमान छ । लगानी वार्षिक औसत लगानीमा सरकारी योगदानको हिस्सा ५४.७ प्रतिशत अर्थात ११ खर्ब ११ अर्ब रूपैयाँ हुनेछ ।

निजी क्षेत्रले वार्षिक ७ खर्ब ३९ अर्ब औसतः खर्च गर्दा दिगो विकास लक्ष्य हासिल हुनेछ। त्यसबाहेक सहकारी र गैर-कारकारी संस्था तथा घरपरिबारबाट क्रमशः वार्षिक औसतः ८६.६ अर्ब र ८८ अर्ब लगानी हुने —— क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -**लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- २५, अङ्क- १, साउन १० गते शुक्रबार, २०७६

## सम्पादकीय

# जनजिब्रोको २५औं वर्षारम्भ

जनजिब्रो साप्ताहिकले यस अंकदेखि २५औं वर्षारम्भ गरेको छ। २४ वर्षअघि मासिक म्यागेजिनका रूपमा सुरु भएको जनजिब्रोले बीचको केही अवधि त्रैमासिक स्वरूप ग्रहण गरेको थियो। त्यसपछि साप्ताहिक अखबारमा बदलिएको जनजिब्रो निरन्तर यही स्वरूपमा प्रकाशित हुँदै आएको छ।

वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि हासिल भएका सीमित जनअधिकारहरूको उपभोग गर्दै र नेपाली समाजको आमूल परिवर्तनकारी रूपान्तरणको एउटा सहयात्री-सहयोगीको भूमिका निर्वाह गर्दै जन्मिएको जनजिब्रो निरन्तर त्यही मान्यता, आदर्श र उद्देश्यमा अडिग छ/रहिरहने छ। खासगरी १ फागुन, २०५२ मा सुरु भएको दीर्घकालीन सशस्त्र जनयुद्धलाई स्पष्ट समर्थन गर्दै र सघाउँदै अगाडि बढेको जनजिब्रो जनयुद्धका मुख्य लक्ष्य- नेपालमा नयाँ जनवाद स्थापना गरी समाजवाद हुँदै साम्यवादको दिशातर्फ अगाडि बढ्ने 'मिसन' को अभिन्न सहयात्री थियो। र, आज पनि जनजिब्रो अभियान त्यसै मान्यता, सिद्धान्त र आदर्शमा दृढ छ/भविष्यमा पनि यो उद्देश्यप्रति अविचल कायम रहनेछ।

यसले रोजेको यही कठिन बाटोका कारण जनजिब्रोले अनेकौं हन्डर, ठक्कर र बाधा-व्यवधानको सामना गऱ्यो, गरिरहेछ र गरी नै रहनेछ। यसप्रति कुनै गुनासो, हीनता, पश्चात्ताप र ग्लानि नराखी जनजिब्रो यात्रा अगाडि बढिरहनेछ। यस यात्रामा विगतमा झैं सम्बद्ध सबै पक्षबाट निरन्तर सहयोग, सद्भाव र स्नेह प्राप्त भैरहने कुरामा जनजिब्रो टिम विश्वस्त छ।

# पूरा होला...

योजना आयोगको आंकलन छ। तर,आंकलन गरेअनुसार खर्च गर्न भने सरकारलाई स्रोत अपुग हुने आयोगले उलूलेख गरेको छ। खासगरी आन्तरिक उत्पादन र राजस्व संकलनबाट जुट्ने लगानी आवश्यकताको तुलनामा वार्षिक औसत २ खर्ब १८ अर्ब रूपैयाँ अपुग हुने आयोगको अनुमान छ। सरकारले औसत वार्षिक ८ खर्ब ९१ अर्ब रूपैयाँ जोहो गर्न सक्ने आँकलन छ। दिगो विकास लक्ष्यको अन्तिम चारवर्षमा सरकारले औसत वार्षिक १५ खर्ब ४ अर्ब रूपैयाँ लगानी गर्नुपर्छ।

त्यसबेला सरकारसँग वार्षिक १३ खर्बको स्रोत उपलब्ध हुने अनुमान छ। निजी क्षेत्रमा स्रोत अभाव अझ बढी हुनेछ। विदेशी लगानी नआएको वर्तमान समयमा निजी क्षेत्रले आफ्नो हिस्सा अनुसार लगानी गर्न सक्दैन।

योजना आयोगका अनुसार निजी क्षेत्रले १५ वर्षसम्म औसत वार्षिक सात खर्ब ३९ अर्ब लगानी गर्नुपर्ने हुन्छ, स्रोत भने केवल तिनखर्ब ७३ अर्ब मात्र छ। वार्षिक औसत तीन खर्ब ६६ अर्ब रूपैयाँ स्रोत अभाव हुने देखिएको छ।

वार्षिक आर्थिक वृद्धि दिगो विकास लक्ष्यका अवधिमा वार्षिक आर्थिक वृद्धि ८.६७ प्रतिशत रहने अनुमानका आधारमा लागत अनुमान गरिएको छ। कूल गार्हस्थ उत्पादनमा राजस्वको अनुपात २७ प्रतिशत रहने अनुमानका आधारमा समेत लागत अनुमान गरिएको बताइएको छ। क्षेत्रगत रूपमा वार्षिक लगानी कति ? गरिबी निवारण १५३ अर्ब रूपैयाँ श्रम तथा पर्यटन ५६.८ अर्ब रूपैयाँ कृषि ११८ अर्ब रूपैयाँ स्वास्थ्य १३४ अर्ब रूपैयाँ शिक्षा ३०६.२ अर्ब रूपैयाँ लैंगिक समानता १५.६ अर्ब रूपैयाँ खानेपानी र सुरसफाइ ७६.७ अर्ब रूपैयाँ उर्जा २६०.४ अर्ब रूपैयाँ यातायात, उद्योग ६१३.८ अर्ब रूपैयाँ शहरी पूर्वाधार १६८ अर्ब रूपैयाँ जलवायु परिवर्तन २५.६ अर्ब रूपैयाँ वन ३७.४ अर्ब रूपैयाँ सुशासन ५३.९ प्रतिशत रूपैयाँ दिगो विकास लक्ष्यले तोकेका १७ उपलब्धी दिगो विकास लक्ष्यका उपलब्धीमा गरिबी अन्त्य, शून्य भोकमरी, स्वास्थ्य र समुन्नत समाज, गुणस्तरीय शिक्षा, लैंगिक समानता, स्वच्छ पानी तथा सरसफाइ, स्वच्छ ऊर्जामा सहज पहुँच, मर्यादित रोजगार तथा

**दिगो विकासको लक्ष्य भेट्टाउन अर्थतन्त्रको वर्तमान संरचनामा आमूल परिवर्तनको विकल्प छैन। २०६३ सालदेखि उत्पादन बढाउन पब्लिक-प्राइभेट पार्टनरसिपको नारा हामीले खुबै लगायौं। तर, तेह्र वर्षमा उदाहरण दिन लायकको कुनै एउटा काम भएन। के हो त समाधान ?**

आर्थिक वृद्धि, उद्योग, पूर्वाधार र नविन सिर्जना, असमानता न्यूनिकरणलाई राखिएको छ। त्यस्तै दिगो शहर र समुदाय, जिम्मेवारीपूर्ण उपयोग र उत्पादन, जलवायु परिवर्तनमा तत्काल पहल, जलमुनीको जैविक विविधता संरक्षण, जमिनमाथिको जैविक विविधता संरक्षण, शान्ती, न्याय र सशक्त संस्था, लक्ष्य प्राप्तीका लागि साझेदारीका विषय पनि दिगो विकासको उपलब्धीमा राखिएको छ।

अनुत्पादक क्षेत्रबाट प्राथमिकता प्राप्त क्षेत्रमा सार्वजनिक खर्चको परिचालन, रोजगारी उन्मुख समावेशी आर्थिक वृद्धिका लागि समष्टिगत आर्थिक तथा क्षेत्रगत नीति तर्जुमा, विकास सहायतामा बढोत्तरी तथा उचित प्रयोग र उत्पादनशील क्षेत्रमा परिचालन तथा वैदेशिक लगानी, निजी सहकारी र अन्य क्षेत्रको लगानी प्रोत्साहन गरेर स्रोत जुटाउने लक्ष्य सरकारको छ। कसरी जुट्छ लगानी ? आयोगले स्रोत जुटाउन वित्तीय रणनीति समेत सार्वजनिक गरेको छ। आयोगका अनुसार स्रोतमा सबभन्दा ठूलो हिस्सा आन्तरिक स्रोत परिचालनबाट हुनेछ।

त्यसमा प्रगतिशील कर, करको दायरा फराकिलो बनाउने, निजी क्षेत्र तथा अन्य क्षेत्रलाई लगानीमा प्रोत्साहन, सार्वजनिक निजी साझेदारी, वैदेशिक लगानी र वित्तीय दायराको विवेकपूर्ण उपयोगलाई प्राथमिकता दिइने भएको छ। प्रदेश र स्थानीय तहको भूमिका दिगो विकास लक्ष्य प्राप्तीमा अझ महत्वपूर्ण हुने आयोगले उल्लेख गरेको छ।

तल्ला सरकारहरूमा स्रोत परिचालन गर्न राजस्व प्रशासन प्रणालीमा सुधार, राजस्व संकलनमा सूचना प्रविधि प्रयोग, राजस्वका आधार विस्तार, आयोजना चयन र निर्माणमा उपभोक्ता समूह परिचालन, सार्वजनिक-निजी साझेदारी र स्थानीय ऋण परिचालन रणनीति अपनाउने तयारी छ। अनुत्पादक क्षेत्रबाट प्राथमिकता प्राप्त क्षेत्रमा सार्वजनिक खर्चको परिचालन, रोजगारी उन्मुख समावेशी आर्थिक वृद्धिका लागि समष्टिगत आर्थिक तथा क्षेत्रगत नीति तर्जुमा, विकास सहायतामा बढोत्तरी तथा उचित प्रयोग र उत्पादनशील क्षेत्रमा परिचालन तथा वैदेशिक लगानी, निजी सहकारी र अन्य क्षेत्रको लगानी प्रोत्साहन गरेर स्रोत जुटाउने लक्ष्य सरकारको छ। तर, जुटला त लगानी ? सरकारको तर्फबाट अगाडि सारिएका यी सामान्य सुधारका उपायहरूले न त लगानी जुट्दछ, न त लक्ष्य नै भेटने संभावना छ।

सरकारले सोचे जस्तो सामान्य सुधारले बर्तमान अर्थतन्त्रले तिव्र गति लिन सक्ने अवस्था नै छैन। नेपालको अर्थतन्त्र अहिले केही गम्भीर प्रकृतिका समस्याबाट गुज्रिरहेको छ। पहिलो हाम्रो अर्थतन्त्रले उत्पादनको चरित्र निरन्तर गुमाइरहेको छ। जसले निम्न समस्या जन्माइ रहेको छ। क. व्यापार घाटा ख. बेरोजगारी ग. युवा पलायन घ. ग्रामीण अर्थतन्त्रको करिव-करिव विगठन दोस्रो, अर्थतन्त्रको चावी दलाल नोकरशाही पुँजीपतीको हातमा रहनु हो। जसले निम्न समस्या पैदा गरेको छ। क. उत्पादकत्वको विनास ख. राष्ट्रिय पुँजी निर्माणमा अवरोध ग. राष्ट्रिय पुँजीपति वर्गको पलायन तेस्रो, राष्ट्रिय बचतको नाजुक अवस्था र लगानी योग्य पुँजीको अभाव रहेको छ। चौथो, भ्रष्टाचार र अनौपचारिक अर्थतन्त्रको बढोत्तरी रहेको छ। पाँचौ, खर्च गर्ने संरचनाको दुरुह अवस्था रहेकै कारण पुँजीगत खर्चको नाजुक अवस्था रहेको छ।

दिगो विकासको लक्ष्य भेट्टाउन अर्थतन्त्रको वर्तमान संरचनामा आमूल परिवर्तनको विकल्प छैन। २०६३ सालदेखि उत्पादन बढाउन पब्लिक-प्राइभेट पार्टनरसिपको नारा हामीले खुबै लगायौं। तर, तेह्र वर्षमा उदाहरण दिन लायकको कुनै एउटा काम भएन। के हो त समाधान ?

दिगो विकासको लक्ष्य भेटाउन अर्थतन्त्रको वर्तमान संरचनामा आमुल परिवर्तनको विकल्प छैन। २०६३ सालदेखि हामीले उत्पादन बढाउन पव्लिक प्राइभेट पाटनरसिपको नारा खुबै लगायौं। तर, तेह्र वर्षमा उदाहरण दिन लायकको कुनै एउटा काम भएन। बितेका तेह्र वर्ष नारा लगाएरै बिते। यसले के प्रमाणीत गर्दछ भने उत्पादनको क्षेत्रमा राज्य अगाडि नआइकन केही हुनेवाला छैन। समाजवाद उन्मुख राज्य संरक्षित औद्योगिक पुँजीवादको विकास गर्नु नै समस्याको समाधान हो। नीतिगत परिवर्तन विना नारा लगाएकै भरमा दिगो विकासको लक्ष्य पुरा हुदैन बेलैमा चेतना भया।

# भारतीय...

प्लट नेपालसँग जोडिएको थियो। सलमान खानको 'द बङ्ग द टुर' कार्यक्रम तय भए पनि अन्तिममा रोकियो त्यो पनि दुई-दुईपटक। पछिल्लो पटकको सलमानको द बङ्ग द टुर विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीनिकट अखिल नेपाल जनसांस्कृतिक महासङ्घले विज्ञप्ति नै निकालेर सशक्त विरोध गरेको थियो। उसले जबरजस्ती गरे कडा प्रतिरोध गर्ने चेतावनी नै दिएको थियो। सलमानको यो कार्यक्रमबारे धेरै क्षेत्रबाट विरोध पनि भएको थियो। नेपालमा बेला-बेलामा हिन्दी च्यानल बन्द, हिन्दी गीत बन्द आदि प्रकरण भइरहेका हुन्छन्। नेपाल र नेपाली जनताप्रति भारतीय शासकको हेपाहा र मिचाहा प्रवृत्तिले यी घटनाहरू हुने गरेका हुन्। एउटा छिमेकी भएर पनि भूकम्पले तहस-नहस भएको बेलामा समेत नाकाबन्दी लगाउने भारतको रवैयाको समर्थन गर्ने नेपालमा असाध्यै कम मात्र मान्छे छन्।

आईफा अवार्डको पछिल्लो परिघटनालाई पनि तिनै विविध शृङ्खलाको एउटा हिस्साका रूपमा लिनु उपयुक्त हुन्छ। चौतर्फा चर्को विरोध भएपछि सो कार्यक्रम स्थगित भए पनि आयोजक, सहयोजक तथा सरोकारवाला पक्षले आईफाले कार्यक्रम आयोजना गरिएको राष्ट्रसँग पैसा लिन्छ कि लिँदैन भन्ने बहस नेपालमा चलिरहेको छ। आईफाले उसको संस्करणको इतिहासमा कुनै पनि देशको सरकारसँग पैसा लिएको देखिँदैन तर पनि आईफाले नेपालसँग किन पैसा माग्यो, त्यो भने खोजीको विषय भएको छ।

विश्लेषकहरू यसलाई भारतीय हैकमवादी नीति नै ठान्दछन्। अवार्ड आयोजना भएको देशले सुरक्षा तथा अन्य व्यवस्था गरेको पाइए पनि पैसा मागेको र दिएको देखिँदैन। सन २०११ मा क्यानडाको टोरन्टोमा भएको १२औं आईफा अवार्डमा क्यानडेली सहर ओन्टारियोको सरकारले आईफा अवार्डलाई टोरोन्टो ल्याउन एक करोड २० लाख डलर खर्च गरेको थियो। क्यानडेली न्युज पोर्टल सीबीसीका अनुसार ओन्टारियोको सरकारले मुम्बइस्थित प्रोमोसन र इभेन्ट्स कम्पनी विजक्राफ्ट इन्टरनेसनल इन्टरटेन्मेन्टलाई एक करोड डलरभन्दा बढी तिरेको थियो। ओन्टारियोको सरकारले कलाकारलाई फी मात्रै ८७ हजार ४७० डलर तिरेको सीबीसीको समाचारमा उल्लेख छ। पर्यटन प्रवर्द्धनका लागि आक्रमक रूपमा रहेको ओन्टारियोको सरकारले उक्त आईफा अवार्ड आयोजना गरेको थियो।

टोरोन्टो इभेन्टका लागि टिकट बिक्रीमा राखेको १० मिनेट पनि नहुँदै सबै बिक्री भएको थियो। आईफाले सन २०१० मा श्रीलङ्काको कोलम्बोमा गरेको आफ्नो ११औं संस्करणमा एक अर्ब १० करोड रूपैयाँ श्रीलङ्काले आईफालाई उपलब्ध गराएको थियो तर उक्त रकम श्रीलङ्का सरकारले नभएर त्यहाँको स्थानीय कोलम्बो सरकारले उपलब्ध गराएका थियो। श्रीलङ्कामा भएको आईफा अवार्डको त्यहाँका सरोकारवालाहरूले चर्कोविरोध गरेका थिए।

नेपाली चलचित्रकर्मा तथा कलाकार नेपाल सरकार भारतीय अवार्डका लागि मोटो रकम खर्च गर्न तयार हुने तर नेपाली चलचित्रको विकासका लागि लगानी नगर्ने भन्दै विरोधमा उत्रिनु अत्यन्त स्वाभाविक र जायज कुरा हो।

मोदीलाई खुसी पार्ने आईफा अवार्ड गर्न नसकिएपछि प्रधानमन्त्री ओली तथा सञ्चारमन्त्री बास्कोटाले 'जसरी पनि गरिन्छ र हुन्छ' भनेर बेला-बेलामा झोंक फेर्ने गरिएको भए पनि नेपालमा अहिलेका लागि आईफा प्रकरण सेलाएको छ, तर पनि यसले दीर्घकालीन राजनीतिक तथा सांस्कृतिक सन्देश भने मनग्गै छाडेर गएको छ।

**निष्कर्ष**

वैज्ञानिक सांस्कृतिक चेतनाबिनाको कुनै पनि राजनीतिले सही परिणाम दिन सक्तैन। वैज्ञानिक सांस्कृतिक चेतनाद्वारा ओतप्रोत संस्कृतिकर्मीहरूले नेपालमा वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापनार्थ एकीकृत जनक्रान्तिको मर्म र भावनाअनुरूपको सबैले आ-आफ्ना ठाउँबाट हरतरहले सहयोग र समर्थन गर्न आवश्यक छ।

यो महान अभियानमा सांस्कृतिक क्षेत्रबाट हुने वैचारिक तथा रूपान्तरणकारी सहयोगको विशिष्ट महत्त्व रहने गर्दछ। वर्गसङ्घर्षको भट्टीबाट नै जनसंस्कृतिको विकास हुने भएकोले यसको संस्थागत विकास गर्नु हामी सबैको दायित्व हो।

दलाल तथा फासिवादी संस्कृतिका विरुद्ध प्रतिरोध सङ्घर्षको उठान गरेर हामी आफ्नो ऐतिहासिक दायित्व निर्वाह गर्न सक्तछौं।

इतिहासका खासखास सन्दर्भमा महासंकट महान् अवसरमा बदलिने गरेका छन्।

नेपाली राजनीतिमा आउँदै गरेको महासंकटलाई पनि महान् अवसरमा रूपान्तरण गर्ने दायित्व हाम्रो काँधमा आएको छ।

नेपालको दलाल तथा फासिवादी संसदीय व्यवस्थालाई अब कुनै पनि शक्तिले बचाउन सक्ने स्थिति छैन। त्यसैले हामीले यतिबेला महान् सम्भावनाको स्पिरिटलाई पक्रँदै सांस्कृतिक रूपान्तरणमा जोड दिन आवश्यक छ।

नेपाली समाजमा तीव्र रूपमा स्खलित हुँदै गएको सांस्कृतिक मूल्यलाई माथि उठाउन अब ढिलाइ गर्नुहुन्न।

दलाल संस्कृतिका विरुद्ध प्रतिरोध गरेर मात्र नेपाली समाजको स्वाभिमान र राष्ट्रियतासित अभिन्न रूपले जोडिएको सांस्कृतिक मूल्यबोध अभिव्यक्त हुन्छ। सांस्कृतिक भूमण्डलीकरणकै एक पाटोको रूपमा आएको आईफा अर्थात् भारतीय सांस्कृतिक साम्राज्यवादका विरुद्ध भएको प्रतिरोधात्मक संघर्षमा शानदार विजय हासिल भएको छ।

आउनुहोस्, आलोचनाको चेतलाई समृद्ध गरौं। आईफा अर्थात् भारतीय सांस्कृतिक साम्राज्यवादका विरुद्ध प्रतिरोध अभियानको रूपमा विकास गरौं। आईफाविरुद्धको यो खुसीको खबरलाई विश्वभरका भाइचारमा सम्प्रेषण गरौं।

# भारतीय सांस्कृतिक साम्राज्यवादको प्रतिकार गरौं

नेपाल सरकारले इन्टरनेसनल इन्डियन फिल्म एकेडेमी अवार्ड (आईफा)को २०औं संस्करणको आयोजना गर्न दिएको स्वीकृति र उक्त कार्यक्रमको जनविरोधी तथा राष्ट्रघाती अन्तरवस्तुबारे अखिल नेपाल जनसांस्कृतिक महासंघद्वारा आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाउ दिइयो । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीनिकट सांस्कृतिक संगठन मात्र होइन, नेपालका लगभग सबैले आईफा अवार्डको सशक्त प्रतिकार गरे । सत्तारुढ घटकका केही भिजिलान्तेले सयौं भारतीय अभिनेता र अभिनेत्रीहरूले काठमाडौंमा मार्चपास गरेको रँगिन कल्पना गरिरहँदा र भारतीय सरकारको प्रीतिकर स्वार्थपूर्ण जेरीमा भन्किरहेका एकाध मानिसबाहेक नेपालको स्वाधीनता, स्वतन्त्रता र अस्मितामाथि गम्भीर आँच आउने गरी हुन लागेको यो कार्यक्रमसम्बन्धी भारतीय पक्षले प्रस्तुत गरेको प्रस्तावलाई अध्ययन गर्दा यसले नेपाललाई भारतीय प्रान्तजस्तो बनाउन खोजेको सुषष्ट थियो । यसले नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र सांस्कृतिक मूल्यमाथि ठूलो आघात पुर्‍याउने र यो एउटा स्वाधीन तथा स्वतन्त्र राष्ट्रमाथिको मनोवैज्ञानिक तथा सांस्कृतिक हमला पनि थियो । यो कुरा कुनै पनि हालतमा मान्य हुन सक्तैनथ्यो । अन्ततः कमजोर राजनीतिक-वैचारिक हैसियत बोकेको सरकार अन्ततः पछि हट्न बाध्य भयो । यो स-सानो नेपाली जनताको सांस्कृतिक विजय थियो, स-सानो सांस्कृतिक क्रान्ति पनि थियो ।

भारतीय पक्षले ५० लाख अमेरिकी डलर दिनुपर्ने, चारहजार दर्शक हट्ने कार्यक्रमस्थलको व्यवस्थापन गर्नुपर्ने र कार्यक्रमस्थल २० दिनका लागि सैनिक मुख्यालयको फुटबल मैदान दिनुपर्ने प्रस्ताव गरेको थियो । नेपाली सेनाको मुख्यालयभित्रको संवेदनशील क्षेत्र २० दिन भारतीयहरूको नियन्त्रणमा जानु एउटा स्वाधीन देशका लागि निकै लज्जा र पीडाजनक कुरा थियो । साथै, सो कार्यक्रमको टेलिभिजन कपिराइट, विज्ञापनदेखि टिकट संकलनबाट उठेको सम्पूर्ण रकम आईफाले नै लैजाने र करिब ६ सय कलाकारलाई जहाजमार्फत् काठमाडौंसम्म ल्याउने जिम्मा सबै नेपालले नै लिनुपर्ने कुरा कम्ति सकसपूर्ण थिएन । अतिथिको सम्पूर्ण प्रबन्ध नेपालले नै गर्नुपर्ने तथा यदि कार्यक्रमको विषयमा मुद्धा-मामिला आएमा नेपाल भारतीय अदालत जानुपर्ने कुरालाई नेपाली जनतालाई एक पटक निकै नै गम्भीर र आक्रोशित तुल्याएको थियो । यो कार्यक्रम हुनु दिनु भनेको सिधा-सिधा भारतीय सांस्कृतिक साम्राज्यवादलाई नेपालमाथिको दिनदहाडै आक्रमण गर्न निम्त्याउनु थियो । अस्थायी रूपमै भए पनि यो अहिले रोकिएको छ । हामी सबैको निरन्तर खबरदारीको आवश्यकता भने अझै रहिरहेकै छ ।

भारतबाहिर आयोजना हुने बलिउड अवार्ड आईफा पहिलो पटक सन् २००० मा बेलायतमा आयोजना गरिएको थियो । त्यसपछि क्रमशः दक्षिण अफ्रिका, मलेसिया, दक्षिण अफ्रिका, सिंगापुर, नेदरल्यान्ड, युएई, बेलायत, थाइल्यान्ड, मकाउ, श्रीलंका, क्यानडा, मकाउ, अमेरिका, मलेसिया, स्पेन र थाइल्यान्डमा आयोजना भइसकेको छ । सन् २०१९ अगस्टमा २०औं संस्करणको आईफा अवार्ड काठमाडौंमा आयोजना गर्ने सरकारको योजना थियो । यसको आयोजना नेपालमा गर्न मोदी सरकारको पनि दिलचस्पी रहेको बताइएको छ । मोदी सरकार पुनः एक पटक नेपालमा सियो बनेर पस्ने र मुसल बनेर निस्कने रणनीतिमा रहेको छ ।

प्रत्येक देशको सांस्कृतिक मूल्यलाई प्रत्येक देशले सम्मान गर्नुपर्ने हुन्छ तर आईफाको नाममा नेपालको कला र कलाकार तथा संस्कृतिलाई प्रोत्साहन गर्नु त कता हो कता, उल्टै अरबौं रुपियाँ खर्चेर

**– विचार-दृष्टिकोण –**

**खेम थपलिया**

उक्त कार्यक्रम गर्न दिनु नेपाल सरकारको चाकरीको पराकाष्ठा थियो । (खड्गप्रसाद ओली र पुष्पकमल दाहाल) सरकार नेपाल र नेपाली जनताको आत्म-सम्मानमा बारम्बार चोट पुर्‍याउने कार्य गर्दै आइरहेको छ । आइफा त्यही चोट पुर्‍याउने पछिल्लो सांस्कृतिक कडी मात्र थियो । आईफा अवार्ड नेपालमाथि भारतीय सांस्कृतिक साम्राज्यवादको अतिक्रमण थियो । तर, नपाली जनतामा विकास भएको राष्ट्रियता एवं सांस्कृतिक सचेतनाका कारण यो तत्कालका लागि रोकिएको छ । एक हदमा नेपालले भारतीय सांस्कृतिक साम्राज्यवादका विरुद्ध शानदार विजय हासिल गरेका छन् । नेपाल र नेपाली जनताका लागि मात्र नभएर विश्वभरका श्रमजीवी तथा उत्पीडित जनताका लागि यो गर्वको कुरा हो ।

सिंगो नेपाल र नेपाली जनता, नेपाली चलचित्र क्षेत्र र चलचित्रकर्मीको हुर्मत लिने, सैनिक मुख्यालयमा कब्जा गरी २०।२० दिनसम्म कब्जा गरी परेड खेल्ने, नेपाली जनताको खून-पसिनाबाट जम्मा गरेको राजस्वबाट अरबौंको लगानी गर्ने गरी आयोजना गर्ने भनिएको 'आईफा' नेपाल सरकारको सांस्कृतिक लम्पसारवाद र दलालीकरणको भद्धा नमुना थियो । महान् जनयुद्धले विकास गरेको आफ्नो राष्ट्रियताप्रति अत्यन्त चिन्तित र संवेदनशील नेपाली जनताका लागि आईफा अवार्ड घोर अपमान र असह्य पीडा पनि थियो । नेपाली जनतामा फासिवाद थोपर्न र वर्तमान सत्ताको रक्षाकवचको अन्तर्वस्तु बोकेको यो कार्यक्रमलाई कुनै पनि हालतमा हुन दिइने थिएन र भएन पनि । आईफा कार्यक्रमको सम्पूर्ण जनता, बुद्धिजीवी, लेखक, साहित्यकार, चलचित्रकर्मी तथा संस्कृतिकर्मीहरूले प्रतिवाद गरे । यो कार्यक्रमको सशक्त प्रतिरोध गरे । फलस्वरूप सरकार पछि हट्न बाध्य भयो । यो एक किसिमले भारतीय साम्राज्यवाद अर्थात् मोदी सरकारको पनि पराजय थियो ।

हुन त ५० वर्षअघि पनि नेपालमा आईफा अवार्ड रोकिएको थियो । नेपालमा आईफाको त्यही इतिहास ५० वर्षपछि दोहोरिएको छ । यसकारण पनि २० औं संस्करणको इन्टरनेसनल इन्डियन फिल्म एकेडेमी (आईफा) अवार्ड रद्द हुनु नयाँ कुरा भएन । केही खपु चाटुकारले भने झैं आकासै खसेजस्तो त झन् हुँदै होइन ।

आईफा आयोजना गर्न सहआयोजकको रूपमा काठमाडौं महानगर र पर्यटन बोर्डलाई स्वीकृति दिने उल्लेख थियो । आईफा आयोजनाका लागि नेपालले एक अर्ब व्योहर्नुपर्ने सर्त सामान्य कुरा थिएन । आईफा गराउने मन्त्रिपरिषदको निर्णय सार्वजनिक भएको एक साता नबित्दै सरकार त्यसबाट पछाडि हट्न बाध्य भयो । यसको सत्तारुढ दलबाटै पनि चर्को विरोध भयो । यो परिघटनाले सरकार र सत्तारुढ डबल नेकपाको आफ्नै घरबाट सुरु भएको विवाद र बहसले गज्जबको अनुभूति पनि गरायो । यसले सत्तारुढ डबल नेकपा र यसको नेतृत्वको सरकारको सांस्कृतिक चरित्रलाई उदांगो पारेको छ । राजनीतिक नांगाहरू झन् नांगिएका छन् । यो सरकारको कम्युनिस्टको 'क' घोप्टेभिरबाट पछारिएको छ, कम्युनिस्टको 'क' को इहलिला समाप्त भए झैं ।

२०२७ कात्तिक २० गतेको गोरखापत्रमा पहिलो पृष्ठमै उल्लेख भएको समाचारअनुसार ५० वर्षमा इतिहास दोहोरिएको छ । गोरखापत्रका पत्रकार प्रकृति अधिकारीद्वारा सामाजिक सञ्जालमा प्रसारित समाचारअनुसार 'भारतीय चलचित्र महोत्सव आयोजना नगर्ने निर्णय' शीर्षकको उक्त समाचारमा त्यसबेला व्यापार तथा पारवहनसम्बन्धी वार्ता नटुङ्गिएको कारण उल्लेख गर्दै महोत्सव नगर्ने निर्णय गरेको उल्लेख छ ।

समाचारका अनुसार भारतीय चलचित्र आयोजक समितिले आयोजना गर्ने भनिएको त्यतिखेरको महोत्सवको युवा-विद्यार्थीहरूले समेत विरोध गरेका थिए । तत्कालीन भारतीय राजदूत राजबहादुरले उक्त महोत्सव आयोजना रद्द गर्नेबारेको बैठकको अध्यक्षता गरेका थिए । पछिल्लो पटक भारतीय संस्थापन पक्षलाई रिझाउने प्रयास गरिरहेका प्रधानमन्त्री केपी शर्मा ओलीले यसअघि नेपालमा भारतीय जी सिने अवार्ड आयोजना गर्ने सहमति जनाएका थिए तर सो अवार्ड पनि हुन सकेन । भारत नेपालमा विभिन्न माध्यमबाट चलखेल गर्न चाहन्छ, दलाल सरकार पनि विभिन्न रूपमा भारतीयहरूलाई रातो कार्पेट बिच्छ्याउन चाहन्छ तर ऊ निरन्तर पराजित हुँदै गएको छ । मोदीले नयाँ कार्यकालमा नयाँ मोडेलबाट नेपालमा प्रवेश गर्न चाहिरहेका छन् । त्यही नयाँ मोडेलमध्ये एक थियो आईफा अवार्ड । आईफा अवार्ड भारतीय साम्राज्यवादी संस्कृति मात्र नभएर कुटिल राजनीति पनि हो भन्ने कुरामा कुनै शङ्का छैन । नेपालमा बेला-बेलामा भारतीय कलाकारहरूका कारण विभिन्न चर्चा, बहस र विवादहरू हुँदै आएका छन् । नेपालमा भारतीय कलाकार, गीत-सङ्गीतलाई मन पराउनेको सङ्ख्या ठूलो रहेको छ तर पनि भारतले सोचेजस्तो नेपाल छैन । नेपालीहरू सहयोगी छन्, इमानदार छन्, अझ बढी स्वाभिमानी छन् । नेपाल अहिलेसम्म टिकेको पनि नेपाली जनताको यही स्वाभिमानी हुनुका कारण पनि एक हो । कुनै बेला चर्चित भारतीय नायक धर्मेन्द्रको सिनेमा नेपाली सिनेमाहलका लागि निषेध थियो । धर्मेन्द्रले 'मलाई नेपालीहरू कुकुरजस्तै बफादार लाग्छ' भन्ने अभिव्यक्ति दिएपछि यस्तो अवस्था आएको थियो । नेपालीहरू मुम्बईमा चौकीदारका रूपमा कार्यरत हुने र उनीहरू आफ्नो कामप्रति कर्तव्यनिष्ठ रहेको भन्न खोजेका धर्मेन्द्रले छनोट गरेको शब्दहरू नेपालीका लागि पाच्य हुने कुरै थिएन । उनको बहुचर्चित फिल्म सोले काठमाडौंमा नचल्नुको कारण पनि त्यही थियो । कान्तिपुर एफएममा भारतीय अभिनेत्री माधुरी दीक्षितको अन्तर्वार्ताका क्रममा 'मलाई नेपाल त भारतको एउटा प्रान्तजस्तै लाग्छ' भन्ने अभिव्यक्तिले नेपालमा ठुलै हङ्गमा भयो । चर्कोआलोचनासँगै माधुरी दीक्षित र त्यतिखेर उनीसँगै नेपाल आएका अक्षयकुमारले नेपाल बसाइ घटाउनुपरेको थियो । हृतिक रोशनकाण्ड त झन चर्चित भयो । हृतिकले नेपालबारे नकारात्मक टिप्पणी गरेको भन्दै काठमाडौंमा ठूलो दङ्गा नै भयो । केही युवाको ज्यानसमेत गयो । तराई-मधेस मूलका नेपाली कुटिए । हृतिकले 'नेपाल र नेपाली मन पर्दैन' भने रे भन्ने कुराले नेपालमा राष्ट्रियताको भावना उम्लियो । त्यतिखेर हिन्दी पत्रिका जलाउने, हिन्दी फिल्म हलहरूमा प्रतिबन्द गर्ने अभियानसमेत चल्यो । यी घटनाबारे काठमाडौंमा आजभोलि पनि बेला-बेला चर्चा हुने गर्दछ ।

नेपालमा अनिल कपुरको 'घरवाली बहारवाली' फिल्मको पनि निकै विरोध भयो । त्यो फिल्ममा 'नेपालमा बिहे गरेपछि छोड्नेलाई बाँधेर कपाल मुण्डन गर्ने चलन' देखाइएकोले नेपालको इमेज धुमिल बनाएको भन्दै विरोध मात्रै भएन, त्यो चलचित्र हलमा लाग्न सकेन । पछिल्लो पटक 'इन्डियाज मोस्ट वान्टेड' नेपालमा रिलिज नै भएन । नेपाललाई अपराधीहरूको थलोको रूपमा फिल्मले चित्रण गरेकाले वितरकले फिल्म ल्याउने हिम्मत नै नगरेका हुन् । अक्षयकुमारको बेबी चलचित्र छायाङ्कनका क्रममा पनि विरोध भएकै थियो ।

यो फिल्ममा पनि नेपाललाई क्रिमिनल हबकै रूपमा चिनाइएको थियो । फिल्ममा तीन प्रमुख प्लटमध्ये एउटा

——क्रमशः दोस्रो पृष्ठमा



# कात्तिकमा भाषा परीक्षा र मंसिरमा सिप परीक्षण

**काठमाडौं ।** रोजगारीका लागि जापान जानेहरूका निम्ति अक्टोबर २७ र २८ मा भाषा परीक्षा तथा नोभेम्बर ६ र ७ मा सिप परीक्षण हुने भएको छ। पहिलो चरणमा 'केयर गिभर' का लागि कामदार जापान लैजान लागिएकाले उनीहरूका लागि भाषा परीक्षा गर्न लागिएको श्रम तथा रोजगार मन्त्रालयले जनाएको छ।

भाषा परीक्षा उत्तीर्ण भएकाहरू मात्र सिप परीक्षाका लागि योग्य हुनेछन्। सिप परीक्षा उत्तीर्ण भएको २ महिनाभित्र कामदार जापान पुग्नेछन्। परीक्षाको मिति तोकिए पनि प्रक्रिया कस्तो हुने, पहिलो चरणमा 'केयर गिभर' का लागि कति जनशक्ति लैजाने आदिइत्यादि विषयमा टुङ्गो लाग्न बाँकी रहेको मन्त्रालयले जनाएको छ। नेपाली कामदार जापान लैजाने विषयमा नेपालले चैत ११ मा सम्झौता गरेको थियो। सोही सम्झौता अनुसार पहिलो चरणमा 'केयर गिभर' का लागि जनशक्ति लैजान लागेको हो।

विभिन्न १४ क्षेत्रमा कामदार लैजाने सम्झौतामा उल्लेख छ। सम्झौतामा नेपालका तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव महेशप्रसाद दाहाल र जापानी राजदूत मासासी ओगवाले हस्ताक्षर गरेका थिए। जापानले दक्षिण एसियाका विभिन्न ९ देशसँग श्रम सम्झौता गरेर एकै पटक कामदार लैजाने बताएको थियो। जापानको मन्त्रिपरिषदले विदेशी कामदारलाई जापान भित्र्याउने नीति गत डिसेम्बरमा पारित गरेपछि नेपाली कामदारलाई पनि जापान जाने बाटो खुलेको हो।

जापानले नर्सिङ, सरसफाइ, उत्पादनमूलक क्षेत्र, होटल, कृषि, माछा मार्ने तथा खाद्य प्रशोधन आदि क्षेत्रमा विदेशी कामदार लिन खोजेको हो।

# भारी वर्षाको आशंका : सतर्क रहन महाशाखाको आग्रह

**काठमाडौं ।** बंगालको खाडीबाट आएको जलवाष्पयुक्त हावा र स्थानीय वायुको प्रभावले देशका केही स्थानमा मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाले विशेष बुलेटिन जारी गर्दै मनसुनी न्यूनचापीय रेखा नेपालको दक्षिणतिर अवस्थित भए पनि बंगालको खाडीबाट प्रवेश गरेको जलवाष्पयुक्त हावाको प्रभावले देशको केही स्थानमा मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। उक्त प्रणालीको प्रभावले देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बताएको छ। आइतबार देशभर सामान्य बदली रही देशको पूर्वा र मध्य क्षेत्रका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ। त्यस्तै, सोमबार देशभर आंशिकदेखि सामान्य बदली हुँदै हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको हो। बाढी पूर्वानुमान महाशाखाले भने प्रदेश- १, ३, ५ र गण्डकी प्रदेशका मध्यपहाडी तथा चुरेको भूभागबाट बहने केही साना नदीमा आकस्मिक ठूलो बहावको सम्भावना रहेकाले तटीय क्षेत्रमा सामान्य सतर्कता अपनाउन आग्रह गरेको छ।

त्यसैगरी, मौसम पूर्वानुमान महाशाखाले २४ घन्टाको मौसम पूर्वानुमान जारी गर्दै देशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेकाले पहाडी भूभागमा पहिरो जान सक्ने र पहाड तथा चुरेबाट बहने खोलामा जल सहत बढ्न सक्ने भएकाले सामान्य सतर्कता अपनाउन आग्रह गरेको छ।

# भारी वर्षा र पहिरोका कारण गुल्मीमा ६ को मृत्यु, ५ बेपत्ता

**गुल्मी ।** भारी वर्षा कारण खसेको पहिरोमा पुरिएर गुल्मीमा छ जनाको ज्यान गएको छ। लगातार पानी परेको कारण पहिरोले जाँदा त्यसैमा पुरिएर सत्यवती गाउँपालिका- ३ मा एकै परिवारका दुई जना र वडा नं. ४ का तीन घर पुरिँदा चार जनाको ज्यान गएको छ। पहिरोमा पुरिएर पाँच जना अझै हराइरहेका छन्।

सत्यवती गाउँपालिका- ४, लिम्घामा खसेको पहिरोले स्थानीय दलित वस्तीका तीन घरमा क्षति पुर्‍याएको सोही वडाका वडा सदस्य डिल्लीराज भट्टराईले जानकारी दिए। 'मृतकको शरीरको भाग क्षतविक्षत अवस्थामा रहेकाले पहिचान हुन कठिनाइ भएको छ, कसैको टाउको थिचिएको छ, कसैको शरीर नै चुडिएको छ'- सदस्य भट्टराईले टेलिफोनमा भने।

प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलका अनुसार सो गाउँपालिका- ३ मा एकै परिवारका आमा-छोरा गरी दुई जनाको र वडा नं ४ मा चार जनाको शव स्थानीय र प्रहरीको प्रयासमा निकाल्ने काम भएको छ। अन्य पाँच जना बेपत्ता भएको उनले पुष्टि गरे। प्रजिअ पौडेलका अनुसार वडा नं। ३ मा ३४ वर्षाया तिलकुमारी तरामु र उनका नौ वर्षाय छोरा दर्शनको मृत्यु हुनुका साथै वडा नं. ४ मा हेमन्त विक, प्र्, विक, अञ्जली विक र छली विकको शव निकालिएको छ। अन्य पाँच जना हराइरहेकाले पहिरोमा खोज्ने काम भइरहेको जानकारी उनले दिए।

पहिरो खस्ने क्रम नरोकिएको र पहिरोबाट अन्य घर समेत जोखिममा रहेकाले त्यहाँका सम्पूर्ण जनतालाई नजिकैको विद्यालयमा राखिएको समेत उनले बताए। प्रजिअ पौडेलका अनुसार भौगोलिक विकटताका कारण सदरमुकामबाट नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीको उद्धार टोली घटनास्थलमा पुग्न ढिलाइ भैरहेको छ। उनीहरू केही समयमै पुग्ने र पीडित परिवारलाई सुरक्षित स्थानमा सार्ने काम समेत भएको उनले बताए।

# चर्चित जनसंस्कृतिकर्मी माइला लामा गिरफ्तार

**काठमाडौं ।** नेपाली प्रगतिवादी सांस्कृतिक आन्दोलनका सबभन्दा प्रभावशाली समकालीन हस्तीहरूमध्येका एक माइला लामालाई प्रहरीले गिरफ्तार गरेको छ। नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका उपत्यका इन्चार्ज रहेका भनिएका माइलालाई शनिबार मध्यराति साढे बाह्र बजे उनी बसेको



कोटेश्वर काँडाघारीस्थित घरलाई सशस्त्र सुरक्षा फौजले पूरै घेरा हालेर पक्राउ गरेको नेकपासम्बद्ध स्रोतले न्युजकोसेलीलाई बताएको छ।

दसवर्षे जनयुद्धको थालनी हुनुभन्दा केही वर्ष अघिदेखि नै त्यसको तयारी, प्रचारप्रसार, जनचेतना र संगठन निर्माण-सुदृढीकरणमा महत्त्वपूर्ण भूमिका निभाएका माइला लामा जनयुद्धको थालनीदेखि 'अन्त्य' सम्म विभिन्न भूमिकामा रहेर सक्रिय थिए। पहिलो संविधासभा निर्वाचनमा काठमाडौं- ९ मा चुनाव भिडेर झिनो मतान्तरले पराजित भएका उनी दोस्रो संविधानसभा निर्वाचनको सक्रिय बहिष्कारमा क्रियाशील भए।

माइला लामा जनयुद्धकालदेखि हालसम्म नै आम सर्वसाधारण जनता, तमाम लेखक-साहित्यकार एवं सबै क्षेत्रका कलाकार-सर्जकहरूबीच निकै आत्मीय, सम्मानित र स्थापित छन्। अझ पार्टीभित्र त सबै घटक र गुट-उपगुटका मान्छेहरूबीच समेत उनी निकै विश्वास, आदर र सम्मानका पात्र रहँदै आएका छन्। कार्यकर्तामाझ अत्यन्तै कुशल, भरोसापूर्ण र अभिभावकत्वपूर्ण नेतृत्वका रूपमा उनी स्थापित छन्।

जनयुद्धकालमा काभ्रे जिल्लामा भएको एक त्रासदीपूर्ण आन्तरिक दुर्घटनामा परेर आँखा, कान, हात, खुट्टा र शरीरका अरू विभिन्न भाग क्षतविक्षत भएका उनी निकै कठिन उद्धार, उपचार, संघर्ष, त्याग र उच्च मनोबल एवं आस्था र आशावादिताकै भरमा आजपर्यन्त क्रियाशील छन्। अहिले पनि उनका आँखाको दृष्टि र कानको श्रवणशक्ति निकै कमजोर छ।

राष्ट्रियस्तरका प्रतिष्ठित सर्जक, एक अदभुत प्रतिभा, चर्चित साहित्यकार-कलाकार-संगीतकारलाई केवल आस्थाकै आधारमा फतुरपूर्ण झुटा आरोप लगाएर यसरी अपमानपूर्ण र आपत्तिजनक हिसाबले पक्राउ गरिनु विडम्बनापूर्ण तथा गणतान्त्रिक-लोकतान्त्रिक मूल्यको ठाडै विपरीत कार्य हो।

अझ मुख्यतः दसवर्षे जनयुद्धकै बलमा देशमा गणतन्त्र, संघीयता, समानुपातिकता, समावेशिताजस्ता उपलब्धि हासिल भएको कुरामा देश-विदेशका सबै इमानदार नागरिकहरू सहमत छन्। तर, त्यही गणतन्त्र र लोकतन्त्रको फल खाँदै त्यसैका अभियन्ता एक क्रान्तियोद्धाहरूलाई राज्यले अपराधीसरह पक्राउ गरेर बन्दी बनाउनु खेदजनक भएको प्रारम्भिक प्रतिक्रिया लेखक-साहित्यकार-कलाकारहरूले दिएका छन्।

आफूलाई 'कम्युनिस्ट सरकार' दावी गर्नेहरूले गरेको यो जघन्य हर्कतका विरुद्ध सिंगो देश उद्वेलित, आक्रोशित र आन्दोलित हुने निश्चित छ। कोही कृतघ्न र आपराधिक मानसिकताको छैन भने ऊ राज्यको यसखाले हर्कतका विरुद्ध र माइला लामाहरूको पक्षमा डटेर मैदानमा उत्रनु न्यूनतम कर्तव्य भएको स्रष्टा-सर्जक र प्रगतिशील पक्षधरहरूको भनाइ छ। गणतान्त्रिक नेपालका एक सशक्त क्रान्तियोद्धा एवं जनताका असली स्रष्टा-सर्जक माइला लामालाई पक्राउ गर्ने हर्कतप्रति घोर आपत्ति प्रकट गर्दै माइलालाई विनाशर्त र स-सम्मान तत्काल रिहा गर्न उनीहरूले माग गरेका छन्।

# वर्षासँगै चट्याङ पर्दा दुईको मृत्यु

**सप्तरी ।** मेघगर्जनसँगै वर्षा हुने क्रममा परेको चट्याङमा परेर मंगलबार बिहान सप्तरीमा दुई जनाको मृत्यु भएको छ।



वर्षासँगै परेको चट्याङ सुरुङ्गा नगरपालिका- ३ का ५५ वर्षीय हरिहर चौधरी र हनुमाननगर कंकालिनी नगरपालिका- ११ की ४५ वर्षीया शिवसतीदेवी पण्डितको मृत्यु भएको प्रहरी नायव उपरीक्षक भावेश रिमालले जानकारी दिए। चौधरीको खेतमै काम गरिरहेको अवस्थामा र पण्डितको खेतबाट घर फर्किने क्रममा चट्याङ लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

चट्याङ लागेर गम्भीर घाइते भएका चौधरीलाई उपचारका लागि तत्कालै सप्तऋषि अस्पताल लहान लगिए पनि उपचारका क्रममा उनको मृत्यु भएको छ। खेतमा काम गरिरहेका पतिलाई खाना पुर्‍याएर घर फर्कने क्रममा चट्याङ लागेर पण्डितको ज्यान गएको प्रहरी नायव उपरीक्षक रिमालले जानकारी दिए।

## – संक्षिप्त समाचार –

# गुट-उपगुटको सन्तुलन मिलाउँदै चुनिए नेकपाका जिल्ला नेता

**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को केन्द्रीय सचिवालयको आइतबार बसेको बैठकले जिल्ला इन्चार्ज र सहइन्चार्जहरूको नामावली पारित गरेको छ।




बैठकले ७७ जिल्ला र ६ वटा महानगरपालिका कमिटी गरी ८३ जना इन्चार्ज तथा कतिपय जिल्लामा एक, दुई वा तीन हुँदै आधा दर्जनभन्दा बढी सहइन्चार्ज तोकेको छ भने कतिपय जिल्लाका इन्चार्ज मात्रै तोकिएका छन् र ती जिल्ला अझै पनि सहइन्चार्जविहीन नै रहेका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा दिउँसो बसेको बैठकले पूर्वएमाले तथा पूर्वमाओवादी एवं ती घटकभित्रका पनि विभिन्न गुट-उपगुटको सन्तुलन मिलाउँदै इन्चार्ज-सहइन्चार्ज चयन गरेको हो। यसअघि अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' बीच भएको सहमतिलाई आधार बनाएर सचिवालयले केन्द्रीय सदस्यहरूको कार्याविभाजन गर्दै जिल्ला इन्चार्ज-सहइन्चार्ज चयन गरेको हो।

# पाँच श्रीलंकालीलाई देशनिकाला : यस्ता छन् सरकारका निर्णय...

**काठमाडौं ।** नेपाल सरकारले ५ जना श्रीलंकाली नागरिकलाई देशनिकाला गर्ने निर्णय गरेको छ। बिहीबार मन्त्रालयमा नियमित पत्रकार सम्मेलन गरी सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बास्कोटाले मन्त्रीपरिषदका पछिल्ला निर्णयहरू सार्वजनिक गर्ने क्रममा उक्त जानकारी गराएका हुन्।

१. गैरकानुनी रूपमा नेपालमा बसिरहेका पाँच जना श्रीलंकन नागरिकको २ लाख ५० हजार रूपैयाँ जरिवाना र ३७ हजार ३ सय ८० अमेरिकी डलर भिसा शुल्क मिनाहा गरी निस्काशन गर्ने निर्णय गरिएको छ।
२. नेपाल र जर्मनीका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्नेसम्बन्धी आशयपत्रमा नेपाल सरकारका तर्फबाट समकक्षी मिलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिइएको छ।
३. ३ सय थान नयाँ विद्युतीय बस खरिद गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत साझा यातायत सहकारी संस्था लिमिटेडलाई ३ अर्ब रूपैयाँ नेपाल सरकारको शेयर लगानीका रूपमा उपलब्ध गराउने निर्णय गरिएको छ।
४. प्रदेशमा हस्तान्तरण भएका १४ वटा सडक डिभिजन कार्यालयलाई सडक विभागको काम समेत निरन्तर गर्न लगाउने निर्णय गरिएको छ।
५. बुटिक विमानस्थल विकाससम्बन्धी कार्याविधि, २०७५ संशोधन गर्ने निर्णय गरिएको छ।
६. प्रत्येक प्रदेशका नगरपालिका प्रमुख र उपप्रमुखमध्येबाट कम्तिमा ३ जना महिलासहित ७ जनालाई नगर विकास कोष सञ्चालक समितिको सदस्य पदमा मनोनयन गर्ने निर्णय गरिएको छ।
७. राष्ट्रिय आवास कम्पनी लिमिटेडको महाप्रबन्धक पदमा श्री नारायणप्रसाद बास्तोलालाई नियुक्त गरिएको छ।
८. नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीहरूको सेवाका शर्त र सुविधासम्बन्धी (अठारौं संशोधन) नियमावली २०३ स्वीकृत गरिएको मन्त्री बास्तकोटाले जनाकारी दिएका छन्।

# पहिरोमा परी सयौंको ज्यान गयो

**काठमाडौं ।** गृहमन्त्री रामबहादुर थापाले असारको अन्तिम सातादेखि परेको अविरल वर्षाका कारण हालसम्म १०८ जनाको मृत्यु भएको जानकारी दिए। साथै ३३ जना हराइरहेका तथा ४६ जना घाइते भएको उहाँले बताए।

प्रतिनिधिसभामा 'जरुरी सार्वजनिक महत्वको प्रस्ताव' माथिको छलफलमा उठेका प्रश्नको आज साँझ जवाफ दिँदै उहाँले घर आवासको क्षतिको विवरण सम्बन्धित मन्त्रालयबाट सङ्कलन गर्ने कार्य भइरहे पनि प्रारम्भिक सूचनाअनुसार हजारौं घरमा क्षति पुगेको छ मन्त्री थापाको भनाइ थियो।

मनसुनी वर्षा मुलुकभर नै भए पनि बाढी, पहिरो र डुबानबाट गुल्मी, रौतहटलगायत ३५ जिल्ला प्रभावित भएको उनको भनाइ थियो। गृहमन्त्री थापाले सम्पूर्ण घाइतेको निःशुल्क उपचार र प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मीको टोली खटाइसकेको बताए।

राहत तथा उद्धारलाई प्रभावकारी तुल्याउन तीनै तहका सरकारसँग मिलेर काम गरिरहेको जानकारी दिँदै गृहमन्त्री थापाले उद्धारका लागि ४१ हजार २०४ भन्दाबढी सुरक्षाकर्मी परिचालन भइरहेको जानकारी दिए।

बाढीपहिरोको चपेटामा परेका तीन हजार ३३३ जनालाई उद्धार गरिएको पनि उहाँले जानकारी दिनुभयो। गृहमन्त्री थापाले उद्धार र राहतमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी, राष्ट्रसेवक कर्मचारी, नेपाल रेडक्रस सोसाइटी र स्थानीयवासीको सहयोग रहेको जानकारी दिए।

# कटान रोक्न एकै रातमै तीन सय मिटर लामो बाध तयार

**काठमाडौं ।** ‘जहाँ इच्छा, त्यहाँ उपाय’ भने झैं जस्तोसुकै अप्ठ्यारा काम पनि इच्छाशक्तिका साथ काम गर्दा पार लगाउन सकिन्छ भन्ने तर्कलाई मोरङ उर्लाबारी ८ दुर्गा पुरीका बासिन्दाले व्यवहारमा प्रमाणित गरेर देखाएका छन् ।

असारको अन्तिम साता परेको अविरल वर्षाका कारण उर्लाबारीको बीच भएर बग्ने बक्राहा खोलामा आएको बाढीले दुर्गापुरी बगरटोलको जमिन कटान सुरु गरेपछि त्यहाँका स्थानीयले लगातार १५ घण्टाको मिहेनतबाट ३ सय मिटर भन्दा लामो बाँसको अस्थायी बाँध ‘पर्कुपाइन’ बनाएका छन् ।

अविरल वर्षासँग सुरु भएको कटान तिव्र हुँदै खोला बस्तीमा पस्ने देखिएपछि स्थानीयले आफ्नै पहलमा पर्कुपाइन बनाएका हुन् । खोलाले जेठा मरडी, करण मरडी, बुद्धिलाल हेमरन, मुसुज हेमरन, मण्डल मुर्मू र डेडमै सरणको घर बगाइसकेको थियो ।

विगतका वर्षहरूमा समेत बाढीले सोही बस्तीको १४ घर बगाएर लगेको र बाँकी रहेका ६ घर पनि यस वर्षको बाढीले बगाइसकेको छ । २० घर सतार जातिको बस्तीमा बक्राहाले तन्डब मच्चाइरहँदा छेउमा रहेको पिपलको समेत बाढीले लगेको छ भने उनीहरूको कुलमन्दिरको पनि कुनै नामोनिसान छैन ।

वर्षेनी बक्राहा खोला उर्लंदा कटानको त्रास पनि उत्तिकै बढ्ने गरेको र त्यसलाई तत्काल नरोक्दा इटहराका दुई वटा वार्ड, गोविन्दपुरक्षेत्रको धेरै भूभागमा ठूलो क्षति पुऱ्याउन सक्थ्यो । सम्भावित क्षति र अनियन्त्रित कटान रोक्नका लागि स्थानीयहरू आफैं जुटे । उनीहरूसँग न बजेट थियो न आवश्यक स्रोतसाधन नै । नदीको कटान रोकेर खेतीयोग्य जमिन र तल्ला बस्तीहरू जोगाउन बाँध बनाउनै पर्छ भन्ने इच्छाशक्ति मात्र थियो ।

स्थानीयकाअनुसार त्यस क्षेत्रका प्रदेश सभा सदस्य कुलप्रसाद साम्बा जसरी पनि कटान रोक्नुपर्छ भनेर दर्के झरीमा काममा खटिएपछि आफूहरूले पर्कुपाइन बनाउन सकेको हो । उनकै पहलमा जनपद प्रहरीको दश जनाको टोली र सशस्त्र प्रहरीको २५ जनाको टोली साँझ ५ बजे घटनास्थल पुग्यो । प्रदेश सभा सदस्य साम्बासहित अरु २५-३० जना स्थानीय भेला भएर ‘पर्कुपाइन’ बनाउन थाले । भेला भएकाहरूले समूह बनाए । बाँस काट्ने, गिड्ने, गाड्ने र बाँध्ने काममा जुटे । साँझ ५ बजेटबाट सुरु गरको काम रातभर जारी रह्यो । सबैको पहल र प्रयत्नबाट १० लाख रूपैयाँ भन्दा बढी लागत पर्ने ‘पर्कुपाइन’ तयार भयो ।

पूर्णजनश्रमदानबाट बाँध तयार भएपछि कटान नियन्त्रणमा आएको छ । ‘पर्कुपाइन’ विधिबाट यो पटकको बाढी बस्ती छिर्नबाट जोगाउन सफल भए पनि दिर्घकालिन समाधान भने आवश्यक रहेको जेठा मरडी बताउँछन् । ‘यसरी रातभर बाँध नबाँधेको भए यहाँ भन्दा तलको पुरै बस्ती बगाइसक्थ्यो,’ उनले भने-‘सबैजना जुटेपछि यस पटक नसोचेको काम भयो र थप बस्ती बगाउनबाट रोक्न सकियो ।’ नदीले यो वर्ष करिव एक किलोमिटर दुरीमा झण्डै दश विगाह जति जमिन कटान गरेको छ । प्रदेश सभा सदस्य कुलप्रसाद साम्बाले विपदको समयमा नियमित योजना जस्तो डिपिआर बनाउने, प्रस्ताव पारित गर्ने जस्ता प्रकृयाबाट नभई आपतकालिन नियन्त्रणको विधिबाट काम गर्नुपर्ने बताए । ‘यहाँ १० लाख भन्दा बढी खर्च भएको छ, बाँस मात्र हजारौं घना प्रयोग भएको छ जुन स्थानीय जनताको खेतीबाट काटेर ल्याएका छौं,’ उनले भने-‘सबै जना जुटेर १५ घण्टा काम गर्दा कटान रोक्न सफल भयौं र सयौं बिघा जमिन र हजारौं घरहरूमा बाढी पस्नबाट जोगायौं ।’ उनले जनताको निजी जमिनको बाँस काटिएकोले सरकारले त्यसको हिसाब गरेर भुक्तानी गर्नुपर्ने र त्यसकालागि पहल गर्ने बताए । उनले चालु आर्थिक वर्ष बलियो तटबन्धकालागि पूर्णरूपले लागिपर्ने पनि बताएका छन् ।

बाढीले घर बगाएका परिवार यतिबेला नजिकैको बहादुरबाबु चौधरी प्राथमिक विद्यालयमा बस्दै आएका छन् । स्थानीय समाजसेवीहरू नारायण बस्नेत, उर्लाबारी ९ का स्थानीय इन्द्र लामाको लगायतले पीडितहरूलाई सहयोग गर्दै आएका छन् । वडाध्यक्ष कूलबहादुर कार्कीले पनि तत्काल त्रिपाल लगायत अन्य सामग्री सहयोग गरेका थिए । साउन १२ गतेसम्म विद्यालय बिदा भएकोले अस्थायी रूपमा बस्न मिले पनि त्यसपछि कहाँ जाने भन्ने चिन्तामा उनीहरू छन् ।

# भारतीय एसएसबीको दादागिरी : सीमा क्षेत्रमा कतै घर भत्काउँदै, कतै सडक थुन्दै

**काठमाडौं ।** भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले पूर्व सीमा क्षेत्रका नेपालीमाथि अनावश्यक दुःख दिइरहेको छ । सीमा क्षेत्रको नेपाली भूमिमा



सडक, घर, चर्पी बनाउन अवरोध गरिरहेको एसएसबीले सूर्योदय नगरापालिका-२, चारमाइलको कच्ची सडक समेत बन्द गराउने प्रयास गरेको छ ।

नेपाल भएर भारत छिर्ने वर्षौं पुरानो कच्ची सडकमा खाडल खनेर एसएसबीले आउ जाउमा अवरोध गरेको हो । विशेषगरी नेपालतर्फको तरकारी भारतमा बेच्ने काम बन्द गराइदिने ध्येयले सडकको दसगजामा खाडल खनेर अवरोध सिर्जना गरेको नेपाल प्रहरीले जनाएको छ ।

# प्रधानमन्त्री ओलीद्वारा बेलायती प्रधानमन्त्री बोरिसलाई बधाई

**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीले बेलायतका नवनिर्वाचित प्रधानमन्त्री बोरिस जोन्सनलाई बधाई तथा शुभकामना सन्देश पठाएका छन् ।

प्रधानमन्त्री ओलीले आफ्ना बेलायती समकक्षीलाई बधाई ज्ञापन गर्दै बिहीबार पठाएको सन्देशमा नेपाल र बेलायतबीचको दुई शताब्दी पुरानो सम्बन्धको स्मरण गरिएको छ ।

प्रधानमन्त्री ओलीको सो सन्देशमा ‘नेपालको बाह्य विश्वसँग दौत्य सम्बन्ध कायम भएको सबैभन्दा पुरानो मित्रराष्ट्र बेलायत नै हो, आपसी हितका विभिन्न क्षेत्रहरूमा वर्षौंदेखि दुई देशबीचको मित्रता झनै फराकिलो र गहिरो बनेको छ,’ उल्लेख गरिएको छ ।

‘तत्कालीन प्रधानमन्त्री टेरेसा मेका साथै सांसद र व्यापारिक समुदायसँगको अन्तरक्रियाका क्रममा दुई देशको मैत्रीपूर्ण सम्बन्ध तथा आर्थिक सहयोगको आदानप्रदानका विषयमा जोड दिइएको थियो,’ हालै आफ्नो बेलायत भ्रमणको सम्झना गर्दै प्रधानमन्त्रीको सन्देशमा भनिएको छ । बेलायत सरकारले नेपालको विकास प्रयासमा निरन्तर सहयोग गरेकामा हार्दिक आभार व्यक्त गर्दै प्रधानमन्त्री ओलीले सन्देशमा ‘नेपालमा लामो समयदेखिको राजनीतिक संक्रमणको अन्त्य गर्दै हामीले विकासका प्राथमिकता निर्धारण गरेर समृद्ध नेपाल, सुखी नेपालको राष्ट्रिय आकांक्षा परिकल्पना गरेका छौं । त्यसैले हामी बेलायतजस्तो हाम्रो महत्वपूर्ण मित्र राष्ट्रबाट सामाजिक आर्थिक विकासको लक्ष्य हासिल गर्न उच्चस्तरको सहयोगको अपेक्षा गर्दछौं ।’

नवनिर्वाचित प्रधानमन्त्री जोन्सनको कार्यकालको सफलताको कामना गर्दै प्रधानमन्त्री ओलीले आफ्नो सन्देशमा बेलायतका जनताको शान्ति, प्रगति एवं समृद्धिको शुभकामना व्यक्त गरिएका छन् ।

यसैबीच दुई देशबीचको सम्बन्ध भावी दिनमा अझ सुदृढ हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री ओलीले आफ्ना समकक्षी जोन्सनसँग निकट सम्पर्कमा रहेर सहकार्य गर्ने अपेक्षा समेत व्यक्त गरेका छन् ।

# भीमसेन थापाका योगदानबारे चर्चा

**काठमाडौं ।** पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले नेपालको इतिहासमा राष्ट्रको संरक्षण गर्ने व्यक्तिमा तत्कालीन मुख्तियार भीमसेन थापाको योगदान महत्वपूर्ण भएको बताएकी छन् ।

राष्ट्रिय विभूति भीमसेन थापा स्मृति प्रतिष्ठानले आज आयोजना गरेको ‘राष्ट्रिय विभूति भीमसेन थापाको २४४ औं जन्मजयन्ती तथा भीमसेन थापा स्मृति पुरस्कार प्रदान’ कार्यक्रममा कार्कीले तत्कालीन समयमा अङ्ग्रेजबाट नेपाली भूमिलाई सुरक्षा गर्न खेलेको भूमिका अतुलनीय रहेको बताए ।

‘इतिहास पढ्ने बेलामा थापाको बारेमा पढेको थिए, त्यो बेला अङ्ग्रेजबाट नेपाललाई बचाउने व्यक्ति, महिलालाई वधुवा बनाउन हुँदैन, विधवा देवरले सकार्नेजस्ता कुप्रथाको विरोध गर्नुभयो,’ भीमसेनबारे कार्कीले सुनाइन् ।

नेपालको निजामती, सुरक्षा क्षेत्र र समग्र सेवाप्रदायक सरकारी निकायको विकासमा पनि उल्लेखनीय योगदान दिएको भन्दै कार्कीले थापाले नेपाली सेनाको सङ्ख्यामा वृद्धि गर्ने र सवल बनाउने मुख्य भूमिका रहेको बताइन् ।

कार्यक्रमबीच डा तुलसीराम वैद्येलाई ५१ हजार एक सय एघार नगदसहित सम्मानपत्र भीमसेन थापा स्मृति पुरस्कार प्रदान गरिएको थियो । पुरस्कृत व्यक्तित्व डा वैद्येले प्रतिष्ठानले नेपालको इतिहासमा देशभक्त थापाका बारेमा गहन अध्ययन गरी ग्रन्थ प्रकाशन गर्न आग्रह गरे ।

प्रतिष्ठानका अध्यक्ष प्राडा पार्थिवेश्वरप्रसाद तिमिल्सिनाले थापाको जन्मजयन्तीका अवसरमा प्रतष्ठिानले हरेक वर्ष कार्यक्रम गरी थापाको योगदानको स्मरण गर्ने र उनको बारेमा अध्ययन गर्ने व्यक्तिलाई पुरस्कृत गर्दै आएको जानकारी दिए ।

# घुस माग्ने नायब सुब्बा र प्रहरी निरीक्षकद्वय अख्तियारको फन्दामा

**काठमाडौं ।** विभिन्न शीर्षकमा सेवाग्राहीसँग घुस असुलेको आरोपमा नायब सुब्बा, घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयका खरीदार तथा गौशाला प्रहरी वृतका प्रहरी निरीक्षकद्वयलाई अख्तियारले अँठ्याएको छ ।

सामाजिक विकासमा खर्च भएको रकमको पाँच प्रतिशत घुस मागेको अभियोगमा काठमाडौं महानगरपालिका समाजिक विभागका नायव सुब्बा कृष्णप्रसाद सोतीविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्धा दायर गरेको हो ।

सोतीले सामाजिक विभागमार्फत कार्यान्वयनमा आएको एक कार्यक्रमको रकम भुक्तानी गरेबापत सेवाग्राहीसँग एक लाख सात हजार रूपैयाँ घुस मागेको अभियोग लागेको आयोगले बताएको हो ।

यसैगरी आयोगले घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा कार्यरत खरीदार पुष्पर अधिकारीलाई होटल व्यवसाय दर्ता गरिदिने प्रयोजनार्थ एक सेवाग्राहीसँग चार हजार घुस लिएको अभियोगमा पक्राउ गरेको छ ।

आयोगले अधिकारीको कोठामा खानतलासी गर्दा ७३ हजार नौसय पचास बराबरको रकम समेत फेला पारेको थियो । आरोपी अधिकारीको थप अनुसन्धान भइरहेको आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाले जनाए ।

यस्तै आयोगको टोलीले महानगरीय प्रहरी वृत्त गौशालामा कार्यरत प्रहरी नायव निरीक्षकद्वय रमेशबहादुर पाण्डे र राजु स्वर्णकारलाई सार्वजनिक मुद्धा चाँडै मिलाइदिने भन्दै १८ हजार घुस मागेको सुइँको पाएको हो ।

उनीहरूलाई काठमाडौं महानगरपालिका-८ स्थित मिथिला काबेली यातायात सेवा प्रालि र अनलाइन डिलक्सको काउन्टर अगाडिबाट आयोगको टोलीले नियन्त्रणमा लिइएको हो ।

# मन्त्रिपरिषदले के–के गऱ्यो निर्णय ?

**काठमाडौं ।** सरकारले नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षमा पुरुषोत्तमप्रसाद खनाललाई नियुक्त गरेको छ ।

नियमित पत्रकार सम्मेलनमा मन्त्रिपरिषदको सोमबारे बैठकका निर्णय सुनाउँदै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले सोको जानकारी दिएका हुन् ।

केही दिनअघि बसेको मन्त्रिपरिषद बैठकले विभिन्न आयोजना सञ्चालनका लागि खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको उनले जानकारी दिए ।

खानेपानी मन्त्रालयअन्तर्गत २१३ जना, वन मन्त्रालय अन्तर्गत ५० र श्रम मन्त्रालय अन्तर्गत ७२६ जना अस्थायी कर्मचारी भर्ना गर्ने बाटो खुलेको छ ।

मन्त्रिपरिषदले युवा रोजगारीको लागि रूपान्तरण पहल परियोजना कार्यान्वयनका लागि नेपाल सरकारलाई विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट ऋण सहायताका रूपमा प्रस्तावित १२० मिलियन अमेरिकी डलर स्वीकार गर्ने सम्बन्धमा नेपाल सरकारको तर्फबाट वार्ता टोली गठन गर्ने निर्णय गरेको छ ।

यस्तै नेपाल बन्दरगाह प्राधिकरण सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृती पनि मन्त्रिपरिषदले दिएको छ ।

साउन ६ गतेको मन्त्रिपरिषदले भारतीय नागरिक मुन्सीलाल पासीको नागरिकता प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने तथा राष्ट्रिय परिचयपत्रमा हाल कायम रहेको विवरणमध्ये केही विवरण कार्ड, चिप्स र प्रणालीमा राखी परिमार्जन गर्ने निर्णय गरिएको छ ।

सोही बैठकले कञ्चनपुर जिल्लामा मृत्यु भएका चन्द्रदेव भट्टको परिवारलाई ५ लाख राहत उपलव्ध गराउने निर्णय गरेको छ भने रौतहटमा जीप दुर्घटनामा परी मृत्यु भएका थुनुवाहरू मुकेश भनिने निर्मल साह र रमेशकुमार चौधरीको परिवारलाई प्रति परिवार ५ लाख रूपैयाँ राहत उपलव्ध गराउने निर्णय समेत गरेको छ ।

यसैबीच नेपाल र जर्जियाबीच कूटनीतिक तथा अफिसियलरसर्भिस राहदानी बाहकहरूका लागि आवश्यक भिसा उन्मुक्ति दिने सम्बन्धी सम्झौतापत्रमा नेपाल सरकारका तर्फबाट समकक्षी मिलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिनुका साथै काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थलाई बुढानीलकण्ठ नगरपालिका वडा नं ७ मा ४१ रोपनी १० आना ३ पैसा जग्गा लिजमा उपलब्ध गराउने निर्णय पनि सोही बैठकले मन्त्री बास्कोटाले सुनाए ।

रामेछापवासीका लागि रामेछापवासीद्वारा प्रकाशित/सम्पादित
**रामेछाप पोष्ट**
खोजीखोजी पढ्ने गरौं ।

हरेक आइतबार
**जनप्रवाह साप्ताहिक**
खोजीखोजी पढ्ने गरौं ।

**२०७५ साल भदौ १ गते लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू :**

- बैक नोट वा सिक्का जलाउने, गाल्ने च्यात्ने वा बैक नोटमा लेल्नेलाई तीन महिनासम्म कैदर पाँच हजार रूपैयाासम्म जरिवाना हुने,
- अनुमतिविना कसैको तस्बिर खिचेमा वा निजको तस्बिरसँग अरु कसैको तस्बिर राखी अर्को तस्बिर बनाएमा एक वर्षसम्म कैद वा दस हजार रूपैयाँसम्म जरिवाना वा दुवै हुने,
- एकको तस्बिरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रूपमा तस्बिर बनाएमा दुई वर्षसम्म कैद वा बीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## बालुवाटारमा...

संगठन र स्कुल विभागमध्ये एक आफूलाई दिए हुने बताएका थिए। गौतमलाई संगठन दिइने समझदारी भएपछि स्कुल विभाग स्वतः आफूले पाउनुपर्ने उनको अडान छ। पूर्वमाओवादी पक्षले भने स्कुल विभाग आफ्नो भागमा राखेर त्यसको नेतृत्व श्रेष्ठलाई दिनुपर्ने दाबी गरिरहेको छ।

आइतबार बिहान अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को निवासमा बसेको पूर्वमाओवादी पक्षधर नेताहरुको बैठकमा नेताहरूले स्कुल विभागको दाबी छोड्नु नहुने धारणा राखेको छन् ।स्कुल विभागको नेतृत्वको विषयमाथि सहमति जुट्न नसक्दा अन्तिम चरणमा पुगेको भनिएको नेकपाको एकता टुंगो लाग्न नसकेको हो। स्कूल विभागको नेतृत्वका लागि पार्टी प्रवक्ता समेत रहेका नारायणकाजी श्रेष्ठ र ईश्वर पोखरेलको दाबी खुला रूपमा सार्वजनिक भइसकेको छ।

अघिल्लो पटक असार ५ गतेको सचिवालय बैठकमा एकतालाई टुंग्याउने भन्दै केन्द्रीय सदस्यहरूको कार्य विभाजनसहित जिल्ला इन्चार्ज र सह-इन्चार्ज तोकेको थियो। तर, विभागहरूको टुंगो लगाउन सकेको थिएन।

पार्टी प्रवक्ता समेत रहेका श्रेष्ठले ७ गते धुम्बाराहीमा बस्ने बैठकले पार्टी एकता टुंग्याउने भनेका थिए। नेताहरूको कार्यव्यस्तता र केही आन्तरिक गृहकार्य नपुगेको भन्दै ७ गते पनि बैठक बस्न सकेन। सातगते बैठक नबस्ने भएपछि बिहीबार बैठक बस्ने भनिएको थियो। तर, आन्तरिक गृहकार्य नपुगेकाले बैठक बस्न नसकेको स्रोतको दाबी छ।

मदन भण्डारी महासचिव हुँदादेखि उनकै वरिपरि रहेर रोजेको र इच्छाएको पदमा आसिन हुँदै र पार्टीभित्र राइँदाइँ गर्दै आएको आरोप लाग्दै आएका पोखरेलको यो क्रम नवौं महाधिवेशनसम्म जारी रहे पनि एमाले-माओवादी केन्द्रबीच पार्टी एकता भएपछि अलमलमा परेको भुक्तभोगीहरु बताउँछन्।

यसरी भण्डारीदेखि ओलीसम्म पार्टी प्रमुख हुँदा नेतृत्वसँग निकट रहेर रोजेको विभाग र खोजेको जिम्मेवारी हत्याउँदै आएका ईश्वरले पछिल्लो समय स्कुल विभागसम्म नपाउने परिस्थिति सिर्जना देखिन्छ। पछिल्लो समय नेकपाको कार्याविभाजन स्कुल विभागमा आएर अड्किएपछि बालुवाटारमा दिनहुँ अनौपचारिक छलफल चल्दा पनि कुनै निकास निस्कँन भने सकेको छैन। तत्कालीन एमालेको कार्याविभाजनमा हुँदा प्रायः अपेक्षामा पर्ने गरेको पार्टी नीति पढाउने विद्यालय (स्कुल विभाग) हाल 'प्रतिष्ठानको लडाइँ' जस्तो भएको सोही पार्टीका नेताहरू बताउँछन्। विगतमा अपेक्षामा पर्ने गरेको यही स्कुल विभागमा यतिबेला अधिक उमेदवारको छिनाझमटी चलेको छ।

शुरूमा त पार्टी प्रवक्ता श्रेष्ठ र पोखरेलको दाबी रहेको स्कुल विभागमा अहिले पार्टीका अध्यक्ष र प्रधानमन्त्रीसम्म भइसकेका झलनाथ खनाल, स्थायी कमिटी सदस्यद्वय घनश्याम भुसाल, बेदुराम भुसाल र राम कार्की पनि दाबेदारका रूपमा अगाडि आएका छन्। दाबेदारी जति बढ्दै जान्छ, उति नै ईश्वर पोखरेलको सम्भावना क्षीण बन्दै जाने र विवाद मौलाउँदै जाने नेकपाका नेता बताउँछन्।

यसैबीच नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नरबहादुर कर्माचार्यको छैठौं स्मृति दिवसका अवसरमा नेकपाको केन्द्रीय कार्यालय धुम्बाराहीमा बिहीबार आयोजित कार्यक्रममा श्रेष्ठले केही दिनभित्रै पार्टी एकताले पूर्णता पाउने सुनाए। उता नेकपाका एक नेताका अनुसार कतिपय कमिटीहरूको कार्यविभाजन पनि बाँकी छ र अर्को बैठक कहिले बस्ने भन्ने पनि तय गरिएको छैन।

सोही कार्यक्रममा बोल्दै पार्टीका वरिष्ठ नेता माधवकुमार नेपालले नेकपाको एकतालाई कसैले भत्काउन नसक्ने जिकिर गरे। 'नेकपाको एकता धरापमा त छैन भनेर आशंका गरिँदैछ, त्यसमा कुनै सत्यता छैन, हाम्रो एकता त्यत्ति कमजोर छैन, फलामे एकता हो,' उनले भने।

## 'र' टोली...

गरेका 'र' का अधिकारीले सोमबार बिहान सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सँग भेटवार्ता गरेको हो।

'र' प्रमुख समान्तकुमार गोयल नेतृत्वको पाँच सदस्यीय टोली आइतबार दिउँसो काठमाडौं आएपछि भेटवार्तामा जुटेको थियो। भेटघाटका लागि कांग्रेस सभापति देउवा स्वयं लैनचौरस्थित भारतीय दूतावास पुगेका थिए भने प्रचण्डलाई भेट्न चाहिँ 'र' का अधिकारी प्रचण्ड निवास खुमलटार पुगेका थिए।

दूतावास स्रोतका अनुसार आइतबार साँझ ७ बजेर ४० मिनेटमा दूतावास पुगेका देउवा करिव चार घन्टापछि राति ११ बजेर ४० मिनेटमा बाहिरिएका थिए। देउवासँगको भेटमा कांग्रेस सांसदद्वय डा. अमरेशकुमार सिंह र विनोद चौधरी पनि सहभागी रहेको बताइएको छ। 'र' का अधिकारीको सम्मानमा दूतावासले आइबार साँझ दूतावास परिसरमा रात्रिभोज समेत दिएको थियो।

सोही जमघटमा देउवा सहितको टोली दूतावास पुगेको हो। 'र' प्रमुख गोयल सहितको टोली बौद्धस्थित हायात होटलमा बसेको खबर मंगलबारको नेपाल समाचारपत्र दैनिकमा प्रकाशित छ।

## संस्कारयुक्त...

नेतृत्व लिन सफल भए। लगत्तै, अखिलको नेतृत्व समालेका तामाङले घटुवा बनाइ सह-संयोजकको जिम्मेवारी दिएको भन्दै असन्तुष्टि पोखे। महरले एकलौटी रूपमा भेला र बागबजारस्थित होटल हार्दिक पत्रकार सम्मेलन आयोजना गरेको भन्दै माधव नेपाल र प्रचण्ड पक्षका केही नेताहरूले असन्तुष्टि मात्र पोखेनन् बहिष्कार नै गरे। महरले उक्त पत्रकार सम्मेलन आयोजना गरिहँदा सहसंयोजक तामाङ विदेशमा थिए।

सुरेन्द्र बस्नेत र उत्तम अधिकारी लगायतका संगठनका नेताहरूले समेत सो पत्रकार सम्मेलन बहिस्कार गरे। त्यस्तै, माधव नेपाल पक्षधर मानिने सुदेश पराजुली लगायतका केही नेताहरू पनि सम्मेलनमा सहभागि भएनन्। पत्रकार सम्मेलनबाटै 'अनेरास्ववियुले कुनै पनि शैक्षिक संस्थासँग चन्दा नलिने' भन्ने अनौपचारिक निर्णय सार्वजनि भएसँगै अखिल निकट नेता तथा कार्यकर्ताहरू असन्तुष्ट बनेका छन्। महरलेसंगठनमा कुनै छलफल नगरी आफूअनुकुल निर्णय गर्न थालेकोले संगठनभित्र विवाद उत्पन्न हुँदै गएको एक विद्यार्थी नेताले आरोप लगाए।

यस्तै प्रचण्ड र ओलीको जोडबलमा महरलाई संयोजक बनाइएको भन्दै केही कार्यकर्ताहरूले असन्तुष्टि पोखिरहेको सहसंयोजक नै नभएको बेलामा अनौपचारीक छलफल भनेर बोलाइएको सामान्य छलफललाई निर्णयसम्म पुऱ्याउन खोज्नुले महरको कार्यशैली ठिक नभएको अखिल निकट कार्यकर्ताहरूको गुनासो छ।

'संस्कारयुक्त विद्यि पद्दतिमा रहेर संगठनका निर्णयहरू गर्नुपर्ने हुन्छ। यतिबेला संगठनको सबैथोक संयोजक र सहसंयोजकको हातमा रहेको छ। उहाँहरुले निर्णय गर्दा दीर्घकालिन सोचेर गर्नुपर्ने हुन्छ,' तत्कालिन अनेरास्ववियुका सचिव समेत रहेका सुदेश पराजुलिले सुनाए।

यस्तै अखिलका केन्द्रीय सदस्य बालकुमार केसीले संगठनलाई मजबुद बनाउने र छलफलबाट शैक्षिक कार्यादिशा बनाउन महर असक्षम रहेको आरोप लगाए। निर्णय नै गरे पनि पार्टीको विधि र नियमबाट हुनपर्ने केसीको भनाई छ। 'पार्टीको शैक्षिक कार्यादशालाई आधार मानेर निर्णय हुनपर्छ,' सहसंयोजक भने।

'पार्टी एकताले पूर्णता दिनका लागि बनेको राजनीतिक प्रतिवेदनमा शैक्षिक कार्यादशाको बारेमा प्रस्ट बताइएको छ। 'सोही अनुसार आधारभुतदेखि माध्यमिकसम्मका शैक्षिक संस्थामा संगठनले काम गर्नुपर्दछ,' आफ्नो अनुपस्थितिमा भएको पत्रकार सम्मेलनबारे नेता तामाङ केही बताउन चाहेनन्।

उच्चस्रोतका अनुसार नेकपाका एक अध्यक्ष 'प्रचण्ड'लाई केही दिनमै भेटेर आफ्नो यो विषयको जानकारी गराउने पक्षमा अध्यक्ष तामाङ रहेका छन्। 'संगठनमा कुनै विवाद छैन, बहिस्कार गर्ने छुट कसैलाई छैन,' संयोजक समेत रहेको महरले भने पार्टीमा कसैलाई छलफल तथा पत्रकार सम्मेलन बहिस्कार गर्न छुट नभएको जीकिर गरे।

## योजनाबद्ध...

अब ढिला भैसकेको छ,' महासचिव विप्लवले अगाडि लेखेका छन्- 'यदि यो सरकारले कमरेड सुदर्शनलगायतका जेल चलान गरिएका सबै कमरेडहरू र माइला लामालगायतका सबै गिरफ्तारीमा परेका जिम्मेवार कमरेडहरूलाई विनासर्त ससम्मान रिहा नगरे हाम्रो पार्टी योजनाबद्ध प्रतिरोध गर्न बाध्य हुनेछ, त्यसबाट निस्कने प्रतिफलको भागेदार स्वयं यो सरकार हुनेछ।

यसैगरी, आइतबार नै सो पार्टीसम्बद्ध अखिल नेपाल जनसांस्कृतिक महासंघका महासचिव खेम थपलियाले विज्ञप्ति जारी गर्दै सो महासंघका अध्यक्ष माइला लामाको गिरफ्तारीप्रति भर्त्सना गर्दै उनलाई तत्काल रिहा गर्न माग गरेका छन्।

त्यसैगरी, आइतबार नै प्रगतिशील लेखक संघ, नेपाल (प्रलेस) केन्द्रीय समितिका तर्फबाट अध्यक्ष प्रा.डा. जिवेन्द्रदेव गिरी तथा महासचिव समीर सिंहले पनि विज्ञप्ति जारी गर्दै जनकलाकार एवं साहित्यकार माइला लामाको गिरफ्तारी खेदजनक भएको उल्लेख गरेका छन्। यसप्रकारका परिघटनाले नेपाली समाज पुनः द्वन्द्वतिर जाँदै गरेको आभाष हुनु दुःखद् भएको विज्ञप्तिमा उल्लेख छ।

## नेकपाको...

श्रेष्ठ अहिले प्रवक्ता बनेका छन्।

वरिष्ठ नेता झलनाथ खनाल पनि पार्टी प्रमुखकै हैसियतमा पूर्वमहासचिव र पूर्वअध्यक्ष बनिसकेका नेता हुन् भने अर्का वरिष्ठ नेता माधवकुमार नेपाल पनि पार्टी प्रमुखकै हैसियतमा लामो समयसम्म महासचिव रहिसकेका नेता हुन्। निकै पुराना, पाका र विभिन्न पृष्ठभूमि, पहिचान र इतिहास भएका यी नेताहरूको अनौठो सम्मिलन यतिबेलाको सत्ताधारी पार्टीको 'हाइकमान्ड' मा देखा परेको छ।

अझ अनौठो त के छ भने यी ९ नेतामध्ये ६ जना सार्वजनिक कार्यक्रम, समारोह र बैठकहरूमा टोपी ढल्काएर उपस्थित हुन्छन् भने ३ जनाले प्रायः टोपी लगाउँदैनन्।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको सचिवालय बैठकको यो तस्बिरले पनि त्यही कुरा देखाइरहेको छ। अध्यक्षद्वय ओली र प्रचण्ड तथा एक जना वरिष्ठ नेता माधवकुमार नेपाल, वामदेव गौतम, ईश्वर पोखरेल र विष्णुप्रसाद पौडेल 'टोपीवाल' नेताका रूपमा देखिएका छ भने अर्का वरिष्ठ नेता झलनाथ खनाल, नारायणकाजी श्रेष्ठ र गृहमन्त्री रामबहादुर थापा चाहिँ 'मुडुले' नेताका रूपमा प्रस्तुत भएका छन्।

## अनुगमन कार्यालय छ कर्मचारी छैनन्

**तनहुँ ।** तनहुँसहित गोरखा, लमजुङ, मनाङ र नवलपुरको जिम्मेवारीसहित २०७५ साल कात्तिक १५ गते स्थापना भएको दमौली खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयमा दुई जना कर्मचारीमा भरमा चलेको छ भन्दा आश्चर्य लाग्नु स्वाभाविकै हो।

ती पाँच जिल्लाको खाद्यान्न अनुगमन गर्ने जिम्मेवारी पाएको डिभिजन कार्यालयमा एक कार्यालय प्रमुख र अर्का कार्यालय सहयोगी मात्रै रहेका कर्मचारी अभावमा सोचे जस्तो काम हुन नसकेको बताइएको छ।

तैपनि तनहुँ जिल्लामा भने कार्यालयले बेलाबेलामा अनुगमन गर्ने गरेको डिभिजन प्रमुख शिवजी बरालले जानकारी दिए।

दुई जना प्राविधिकसहित चार जनाको दरबन्दी रहेको कार्यालयले कर्मचारी अभावमा तनहुँ बाहेक अन्य चार जिल्लामा अनुगमनको काम गर्न नसकेको बरालले सुनाए।

# ओली र लामा एउटै जेलमा, जीवन्त पुनः पक्राउ

**काठमाडौं ।** केही समय पहिले राजधानीस्थित विभिन्न स्थानमा काठमाडौंमा भएका बम विष्फोटसित जोडेर ओली सरकारद्वारा पक्राउ गरिएका नेकपा (विप्लव) का केन्द्रीय सदस्य तथा उपत्यका ब्युरो इन्चार्ज माइला लामालाई पुर्पक्षका लागि भनेर जेल चलान गरिएको छ।

उनलाई काडमाडौंमा एनसेल बमप्रकरणको जिम्मा लिएका नेकपा (विप्लव) का मध्य कमाण्ड इन्चार्ज हेमन्तप्रकाश ओली 'सुदर्शन'सँगै नख्खु काराकारमा राखिएको कुरा विभिन्न माध्यमहरूले जनाएका छन्।

त्यसैगरी अदालतले बारम्बार रिहाइको आदेश दिए पनि सोही पार्टीका पोलिटब्युरो सदस्य मोहन कार्की 'जीवन्त' लाई प्रहरीले अनेक थरी मुद्दा लगाएर बारम्बार पक्राउ गरेको छ। यही ७ गते अदालतले रिहाइको आदेश दिए पनि प्रहरीले पुनः पक्राउ गरी उनलाई हिरासतमा राखेको छ।

हरेक दिनजसो नेकपा (विप्लव) सम्बद्ध ब्युरो सदस्यहरू, जिल्ला इन्चार्ज तथा सेक्रेटरीहरू पक्राउ परिरहेको सन्दर्भमा माइला लामाको पक्राउ विशेष चर्चाको सन्दर्भ बनेको छ। जनयुद्धमा बम निर्माणकै क्रममा काभ्रेमा घाइते भएर आँखा र कानको समस्या भोगेका लामा चर्चित सांस्कृतिक कर्मा पनि हुन्। पहिले 'सामना परिवार' का संयोजक रहेका लामा तत्कालीन माओवादी सम्बद्ध 'अखिल नेपाल जनसांस्कृतिक संघ' को दोस्रो राष्ट्रिय सम्मेलनद्वारा निर्वाचित कोषाध्यक्ष पनि हुन्। एक कालखण्डमा 'इच्छुक प्रतिष्ठान'का प्राज्ञ सभा सदस्यसमेत रहेका माइला लामा पछिल्लो समयमा बिप्लव समूह सम्बद्ध सांस्कृतिक मोर्चाका अध्यक्ष हुन्।

बमबारुद र मादल दुवैसित खेल्न अभ्यस्त माइला लामा जुधारु प्रवृत्तिका कलाकार साथै राजनीतिक व्यक्तित्व पनि हुन्। जनयुद्धकालमा उनीद्वारा लेखिएका र गाइएका गीतहरू निकै लोकप्रिय छन्।

थुप्रै एल्बमहरू प्रकाशित गरिसकेका लामाका सबैभन्दा चर्चित एल्बम 'राता मान्छेहरू' हो र सबैभन्दा चर्चित गीत 'हेर अघिअघि बढिरहेछन् राता मान्छेहरू' हो। उनी सम्बद्ध सांस्कृतिक मोर्चा लगायतका संस्थाहरूका साथै विभिन्न प्रगतिशील लेखकसाहित्यकारहरूले उनको अविलम्ब रिहाइको माग गरेका छन्।

राजनीतिक गतिविधिसित सम्बद्ध कुनै पनि पार्टीमाथि प्रतिबन्ध लगाउन नपाइने भनेर संविधानमै उल्लेख गरिएको भए पनि ओली सरकारले जसरी फासिवादी प्रवृत्तिको प्रदर्शन गरिरहेकोछ, यो निन्दनीय छ र यसको व्यापक र संगठित प्रतिरोध गर्नु आवश्यक छ।

# विशेष प्रस्ताव पारित गर्दै जनधनको क्षतिप्रति दुःख व्यक्त

**काठमाडौं ।** साउनको दोस्रो सातादेखि परेको भारी वर्षाका कारण मुलुकभर रका विभिन्न क्षेत्रमा बाढी पहिरोका कारण भएको ठूलो जनधनको क्षतिप्रति प्रतिनिधिसभा बैठकले विशेष प्रस्ताव पारित गर्दै दुःख व्यक्त गरिएको छ।



सभामुख कृष्णबहादुर महराले प्रस्तुत गर्नुभएको उक्त प्रस्तावमा भनिएको छ, 'केही दिनयता जारी अविरल वर्षाका कारण देशका विभिन्न भागमा आएको बाढीपहिरो र डुबानले भएको जनधनको क्षतिको घटनाले हामीलाई निकै मर्माहत बनाएको छ।

बैठकले प्राकृतिक विपद्का कारण दुःखद निधन भएकाप्रति भावपूर्ण श्रद्धाञ्जलि प्रकट गर्दै शोकाकूल परिवार जनप्रति समवेदना व्यक्त गरेको छ। प्राकृतिक विपद्मा परी घाइते हुनुभएकाको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बैठकले उपचारमा कुनै कमी हुन नदिन सरकारलाई निर्देशन गरेको छ।

प्रस्तावमा भनिएको छ, 'विनाशकारी प्रकोपमा हराइरहेकाको खोजी, प्रभावितको उद्धारपीडितलाई पुनःस्थापना एवं राहतका कामलाई प्रभावकारी ढङ्बाट अघि बढाउन सरकार र सरोकारवाला निकायसँग अनुरोध गर्दछ।'

प्रतिनिधिसभाले प्राकृतिक विपद्बाट प्रभावित नागरिकलाई आआफ्नो ठाउँबाट सक्दो सहयोग पुऱ्याउन सङ्घ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, सामाजिक सङ्घसंस्था, राजनीतिक दल तथा अन्य सबैमा हार्दिक अपिल पनि गरेको छ।

बाढीपिडितको सहयोगका लागि प्रतिनिधिसभाका सदस्यले पाउने पारिश्रमिकको एक दिन बराबरको पारिश्रमिक राहत कोषमा सहयोगस्वरूप उपलब्ध गराउने बैठकमा सभामुखले जानकारी दिनुभयो। प्रतिनिधिसभाको अर्को बैठक यही साउन १३ गते दिनको १ बजे बस्नेछ।

कोसेली मिडिया सपोर्ट प्रा.लि.का लागि प्रकाशक/प्रधान सम्पादक : केदारनाथ गौतम कार्यकारी सम्पादक : सानु राय (गौतम) अतिथि सम्पादक : शिव बस्नेत
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४९६००२०९ इमेल : janajibro@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं